
मजदुरव्दारा मजदुरका लागि नेपालको पहिलो पत्रिका
श्रमिक खबर
संख्या ६३, चैत २०५७, मूल्य रू. १५।-
2003 साल
फागुन
२० गतेको
कथा




संख्या ६३ चैत १, २०५७

**सम्पादन बोर्ड**
मुकुन्द न्यौपाने
विष्णु रिमाल
उमेश उपाध्याय
विन्दा पाण्डे
कविन्द्र शेखर रिमाल

**ले-आउट**
नेस्वप्रेमयूका लागि
महेन्द्र श्रेष्ठ
वृद्धि आचार्य
किरण माली

**व्यवस्थापन**
विनोद श्रेष्ठ

**प्रकाशक**
नेपाल ट्रेड यूनियन महासंघ
कार्यालय तथा प्रकाशन विभाग
पो. ब. नं. १०,६५२,
मनमोहन मजदुर भवन
पुतलीसडक, काठमाडौं।
फोन : २४८०७२, २४५५३२
(हन्टिङ्ग लाइन)
फ्याक्स : २४८०७३
ई-मेल : info@gefont.org
वेभ साइट : www.gefont.org
मूल्य : रू. १५।-

**आवरण**
एम्ज माउस
२६५९४४

**मुद्रक**
इन्द्रेणी अफसेट
अनामनगर, काठमाडौं।

**श्रमिक खबरको विज्ञापन दर रेट**

| | |
|---|---|
| आवरण पृष्ठ (पछाडि) रंगिन | १२,००० |
| आवरण पृष्ठ (भित्री) रंगिन | १०,००० |
| पूरा पृष्ठ (भित्री) सादा | ६,००० |
| आधा पृष्ठ (भित्री) सादा | ४,००० |
| चौथाइ पृष्ठ (भित्री) | ३,००० |
| न्यूनतम (भित्री) सादा | २,००० |

नोट: अग्रिम भुक्तानीमा १०५ छुट तथा वार्षिक विज्ञापन ग्राहकका लागि १५५ छुट दिइनेछ ।

# हाम्रो भनाई

राणाशाही अन्त्य भएको ५० वर्ष बित्यो । प्रजातन्त्रका केही "ठेकेदारहरू" यो सिंगो अवधि प्रजातान्त्रको अवधि रहेको चित्रित गर्न तल्लिन छन् । यो वेलामा पनि जहानियाँ शासन फ्याँक्न निर्णायक भूमिका खेल्ने २००३ देखि २००७ सालसम्मको मजदुर आन्दोलनलाई चर्चा गर्न तिनीहरूले आवश्यक ठानेनन् । त्यो ऐतिहासिक आन्दोलनका नेताको नाममा खुलेको मनमोहन स्मृति प्रतिष्ठानले भने शहीद दिवसको अवसर पारेर मजदुर सहयोद्धाहरूको सम्मान गर्‍यो जुन प्रशंसनीय छ । यो अंक हामीले तीनै ऐतिहासिक योद्धाहरूमा समर्पित गरेका छौं र पाठकहरूलाई चाख लाग्ने ऐतिहासिक घटना सक्दो प्रस्तुत गर्ने प्रयत्न गरेका छौं ।




समाजवाद, उन्नत जीवन प्राप्तिको एउटा यात्रा हो र यसको निरन्तरता अटुट छ। जस्तै प्रतिकूलताका घडीहरूमा पनि समाजवाद निर्माणको प्रतिबद्धता नै वास्तविक रूपमा समाजवाद निर्माणको अभियान हो। यसलाई व्यवहारमा लागू नगरेसम्म समाजवाद निर्माण उपदेश बाहेक अरु केही हुँदैन। समाजवाद, कुनै रेडियो बटन दबाए जसरी फुत्त बोल्न थाल्दैन।

...मजदुर हक हितका माग सहित त्यो आन्दोलन शुरु गरिएको भए तापनि ट्रेड यूनियन अधिकार जस्तो महत्वपूर्ण माग पनि त्यसले राखेको थियो। जहाँनियाँ राणाशासन कालमा संगठित हुन पाउने अधिकार सहित झण्डा बोकेर श्रमजीवी जनता मैदानमा उत्रिएको पहिलो घटना नै मार्च ४, १९४७ को घटना थियो। यो आन्दोलनले राणाशाही अन्त्य र प्रजातन्त्र बहालीको पहिलो विगुल फुक्यो र....







श्रद्धेय मनमोहन अधिकारीको नेतृत्वमा हामीले यहीको हड्ताली हाटमा पहिलो हड्ताल गरी मजदुर आन्दोलनको विगुल फुकेका थियौं ... जसको निरन्तरताले नै २००७ सालमा नेपालमा प्रजातान्त्रिक व्यवस्थाको शुरुवात भएको थियो।

श्रमजीवी वर्गको लागि मार्च १८ ले विशेष महत्व राख्छ। आज भन्दा १३० वर्ष पहिले फ्रान्सको राजधानी पेरिसमा मजदुरहरूले पहिलो मजदुर-राज्य स्थापना गरेका थिए, जुन पेरिस कम्युनको नामले प्रसिद्ध छ । ९० दिन सम्म टिकेको पेरिस कम्युनको पाठकको संझनाका लागि




## १० वर्ष अघिको श्रमिक खबरबाट




सायद नेपालमै पहिलो पल्ट यो श्रमिक महिला दिवस शहीद मञ्चमा आमसभा गरेर मनाइयो। यसको सुखद पक्षमा सुन्धाराबाट शुरू भएको जुलुसमा २५ प्रतिशत त नेपाल ट्रेड यूनियन महासंघका घटक यूनियन अन्तर्गत संगठित महिला मजदुरहरूको मात्रै उपस्थिति थियो । यसलाई किन पनि महत्वपूर्ण ठान्नु पर्छ भने आधा दिन छुट्टी हुँदा समेत महिलाको यो महान कार्यक्रममा नआउने सरकारी नोकरीमा लागेका र शिक्षित महिलाको तुलनामा अधिकांश श्रमिक महिलाहरू बिदा नहुँदा नहुँदै पनि १ दिनको मजदुरीलाई बलिदान गरी उक्त कार्यक्रममा सामेल भए ।

-संख्या ६, पेज २, २०४७ चैत



देशको चौथो अंगको रूपमा रहेको पत्रकारिता जगत हाल आएर चरम व्यवसायीमुखी भई देशको (श्रमशक्ति) मजदुरहरूको विषयमा समाचारहरू नगण्य रूपमा सम्प्रेषण हुने गर्दछ। यस्तो परिस्थितिमा पनि जिफन्टले शोषित पीडित मजदुरहरूको प्रतिनिधित्व गर्दै मजदुरद्वारा मजदुरको लागि चेतना वृद्धि, बौद्धिकता र वैचारिक शिक्षा प्रदान गर्ने उद्देश्यले विगत १० वर्षदेखि अविरल रूपमा श्रमिक खवर पत्रिकाको प्रकाशन गरेर नेपाली मजदुर आन्दोलनको गौरवमय यात्रामा आफूलाई स्थापित गर्न गराउन सफल भएकोमा सर्वप्रथम श्रमिक खवरका सम्पूर्ण युनिटलाई धन्यवाद दिन चाहन्छु। साथै श्रमिक खवरमा देशका विभिन्न कार्यरत क्षेत्रहरूको श्रम विवाद र अदालतको फैसलाहरूको नजिरहरू समावेश गर्ने खालको स्तम्भ थप भए हामी मजदुरहरूलाई मार्गदर्शन हुने थियो।

**आनन्द थामी,**
**नेस्वकेआमयु, बारा**



श्रमिक खवरको नियमित पाठक भएर संख्या ६२ पढ्दा ज्यादै खुसी लाग्यो। ६२ अंकमा महासंघको गतिविधि, एक्काइसौं शताब्दीमा समाजवाद, जेण्डर समानता र प्रवर्द्धनको लागि ट्रेड यूनियन, व्यवसायजन्य रोग, अनसनको अर्को नाम, मानिस लगातार विकसित हुँदै गयो लेखहरू आकर्षक र महत्वपूर्ण छ। रुसका मजदुर नेता लेनिनले व्यक्त गर्नु भएको "छरिएर टुक्रिएर रहेका मजदुरहरू केही होइनन्, संगठित मजदुरहरू एउटा शक्ति हुन्" भन्ने जस्ता महत्वपूर्ण पंक्ति समेटेर प्रकाशित भएको श्रमिक खवरले मजदुर शक्तिलाई अझ सशक्त र एक ढिक्का हुने प्रेरणा प्राप्त भएको छ। श्रमिक खवर मजदुरहरूका रोचक लेखहरू प्रकाशित गरी मजदुर बीचमा पुऱ्याउन सकोस्।

**नारद पाण्डे,**
**सदस्य, नेस्वकामयु, के.क.**






१० वर्षदेखि प्रकाशित हुँदै आएको मजदुर पक्षीय पत्रिका श्रमिक खवर संग्रहरणीय छ। शोषित पीडित मजदुरहरूलाई महासंघको एउटै छातामुनि समेटेर आफ्नो मौलिक अधिकार चिनाई शोषण र दमन विरुद्ध संघर्ष गरी विजय लक्ष्यमा पुऱ्याउन प्रेरित गर्दै आएकोमा प्रंशंसाको पात्र बनेको छ। यसमा मजदुर ज्ञान प्रतियोगितात्मक स्तम्भ राख्न पाए धेरै पाठकहरू समेटिन्थ्यो कि?

**निर्मला राई,**
**सदस्य केममबि, नेस्वकामयु**



श्रमिक खवर मजदुर पक्षीय र पठनयोग्य छ। आगामी दिनमा मासिक रूपमा पढ्न पाइयोस्। श्रमिक खवरको उत्तरोत्तर प्रगतिको साथै सम्पूर्ण पाठक महानुभावहरूमा २०५८ साल नयाँ वर्षको हार्दिक शुभकामना।

**प्रेम वाग्ले**
**सुभाष प्रेस, नेस्वप्रेमयु, ललितपुर।**


# सवारी दुर्घटनाबाट बचौं र बचाऔं

- सिमित गतिले गाडी हाकौं
- ओभरटेक गर्दा अघिल्लो गाडीले इसारा दिएमा मात्र जाने गरौं
- बाटो क्रस गर्दा ट्राफिक प्रहरीको इसारा वा दायाँ बायाँ हरी मात्र हिंड्ने बानी बसालौं
- सडक सफा राख्ने बानी बसालौं - गाडी हिंड्ने ठाउँमा कुनै चिज, वस्तु, नथुपारौं
- पाल्तु जनावरलाई जथाभावी नछोडौं
- सुरक्षित स्थानमा राख्ने बानी बसालौं
- गाडीको छतमा बस्ने बानी त्यागौं तथा छतमा बस्न नदिउँ
- गाडीको ढोका बन्द गरेर मात्र हिंड्ने बानी बसालौं
- शिष्ट भाषा प्रयोग गरौं
- अभद्र व्यवहार नगरौं
- चल्ती गाडीमा चालकसित कुराकानी गर्ने बानीलाई त्यागौं
- आफूले चलाउने गाडी अरुलाई चलाउन दिने बानी त्यागौं
- मादक पदार्थ सेवन गरी कहिल्यै पनि गाडी नहाकौं
- गाडी रोक्दा अरु गाडी पास हुने गरी राकौं
- जथाभावी गाडी नरोकौं

**विस्तृत जानकारीको लागि कोषको प्रधान कार्यालयमा सम्पर्क राखौं**

कुमार थापा
अध्यक्ष, यातायात मजदुर भलाइ कोष
प्र का बुटवल ०७१-४०१७०, ०७१-४३४७०



# समाजवादः एउटा नियमित प्रक्रिया

-प्रदिप नेपाल

बिसौं शताव्दीमा जनताको आन्दोलनलाई सशस्त्र ढङ्गले संगठित गर्ने रूप नै आन्दोलनको अन्तिम रूप रह्यो। यसका पनि उपशाखाहरू थिए। कतै जनताको गोप्य संगठनले अन्तिम घडीमा सशस्त्र विद्रोहको शक्तिमा आफूलाई रूपान्तरित गर्‍यो भने कतै लामो समयसम्म युद्धको कठिन अभ्यास गरेर राष्ट्रिय मुक्ति सम्भव भयो। आमूल परिवर्तनका लागि जनताहरूलाई संगठित गरेर राजनीतिक गतिविधि संचालन गर्दा सशस्त्र परिवर्तनलाई नै मूल आधार बनाइयो।

सशस्त्र संघर्ष सम्बन्धी हाम्रा अनुभवहरू समृद्ध छन्। त्यो संघर्षले आन्दोलनका सन्दर्भमा सफलता र असफलता, दुवै बेहोरेको छ। बिसौं शताव्दीको पूर्वार्धमा सशस्त्र संघर्षले पूँजीवाद विरोधी संघर्षमा जनताको लडाईंलाई सफलतामा टुंग्याएको छ। तर सधैंभरि यस्तो रह्यो भन्न सकिन्न। शताव्दीको पछिल्लो हिस्सा, सशस्त्र संघर्षको असफलताको काल रहेको छ।

यस्तो स्थितिमा हिंसा पुनः परिभाषित हुनु जरुरी छ। हिंसात्मक मार्गले नै वास्तविक परिवर्तन गर्छ भन्ने मान्यता माथि गम्भिर प्रश्न खडा भएको छ। प्रतिरक्षाका सन्दर्भमा हिंसाको प्रयोग सार्वभौम अधिकार हो। तर सामाजिक परिवर्तन र निर्माणका सन्दर्भमा हिंसा उपस्थिति कति औचित्यपूर्ण छ भनेर गम्भिर छलफल गरिनु पर्छ। विगतका अनुभवहरूको निष्पक्ष समीक्षाले नै वर्तमान शताव्दीमा हामीले अवलम्बन गर्ने संघर्षको रूप निर्धारण गर्न सजिलो बनाउँछ। संघर्षको हिंसात्मक रूप अथवा दवावमूलक जन आन्दोलन ? यो एउटा गम्भिर प्रश्न हो। वर्तमान शताव्दीमा आइपुग्दासम्म मानव चेतना र विज्ञान-प्रविधिको क्षेत्रमा भएको विकास एवम् समाजवादी आन्दोलनका विगत अनुभवहरूको अध्ययन गर्दा जनशक्तिको सुदृढीकरण आन्दोलनको एउटा प्रभावकारी रूप हुने निश्चित देखिन्छ। समाजवादलाई जीवनको प्रक्रियासँग जोडिसकेपछि आफू उभिएको ठाउँमा समाजवादको निर्माणका लागि गरिने प्रयत्नले नै सामाजिक अग्रगतिको ग्यारेण्टी गर्छ। यस्तो स्थितिमा आफ्ना सिमाहरू भित्रैबाट समाजवाद निर्माणको प्रयत्नलाई अहिलेको आन्दोलन बनाइनु पर्छ।

समाजलाई आफ्ना कामहरूबाट प्रभावित पार्ने, उनीहरूको स्वतन्त्र निर्णयको क्षमता बढाउने र उनीहरूकै अनुमोदनबाट

आफ्ना कामहरूलाई अघि बढाउने शैलीले हाम्रो अग्रता स्थापित गर्छ। बलात् कब्जा वा शक्तिको भरको परिवर्तन दिगो हुँदैन र आमजनतालाई त्यसमा गोलबन्द पनि गर्न सकिँदैन भन्ने प्रष्ट भइसकेपछि, जनताको पहलकदमी खोल्ने खालका तरीकाहरूलाई हामीले खोज्नु पर्छ। यसो गर्नु भनेको, आन्दोलनका रूपमा सहकारी आन्दोलन अघि बढाउनु हुनसक्छ। व्यापक रूपमा, स्थानीय तहमा जनताको शक्ति संगठित गर्न सहकारिता एउटा प्रभावकारी माध्यम हुनसक्छ। यसका साथै आधुनिक प्रविधिमा निपुणता हासिल गर्नु र अधिकतम हदसम्म जनताको हितमा त्यसको प्रयोग गर्नु, हाम्रा विरुद्ध पूँजीवादले संचालन गरेका कामकारवाहीलाई जनताको तहसम्मै लगेर चिरफार गर्नु र त्यसका विरुद्धमा जनता आफैं परिचालित हुनेगरी आफ्ना कामहरू संगठित गर्नु आजको कामको शैली हुन सक्छ। यद्यपि पूँजीपति वर्गले जनताका विरुद्ध गर्दै आएका घृणित क्रियाकलापहरूले हाम्रो आन्दोलनलाई यति सहज बन्न नदिन पनि सक्छन्। तर जनपरिचालनका कामकारवाही मार्फत आन्दोलनमा लागिरहँदा शत्रुपक्षबाट आउने हिंसाका विरुद्धको हिंसालाई हिंसात्मक अभियान भन्न मिल्दैन। त्यो प्रतिरक्षा हो र प्रतिरक्षाको हिंसा पनि त्यतिबेला सामाजिक आवश्यकता बनिसकेको हुनेछ।

हामीले क्रान्तिलाई आजसम्म एउटा फडकोका रूपमा ग्रहण गर्दै आएका छौं। वर्गीय मुक्तिको आन्दोलनको सफलतापछि नै जनताको सत्ता स्थापित हुन्छ र त्यसपछि नै समाजवाद निर्माणको क्रम आरम्भ हुन्छ भन्दै आएका छौं। तर के यो नै अन्तिम हो ? एउटा प्रश्न यो पनि उपस्थित भएको छ। के केन्द्रीय सत्ता कब्जा नगरुन्जेलसम्म हामी सम्भव उपाय या स्थानहरूमा समाजवाद निर्माणसँग संगति राख्ने कामहरू गर्न सक्दैनौं। यस सन्दर्भमा पनि छलफल हुनु जरुरी हुन्छ। समाजवाद एउटा अनिवार्य आवश्यकता हो भन्ने सत्य स्थापित भइसकेपछि त्यसलाई ल्याउने दिन पर्खिरहने कि सम्भव भएसम्म त्यसलाई लागू गर्दै जाने भन्ने बारेमा गम्भिर छलफल गरिनु पर्छ।

आफू उभिएको भूमिमा नै समाजवाद निर्माणको क्रम आरम्भ हुन्छ। यसको अर्थ परिवर्तनका कुनै पनि सम्भावनाहरूलाई हामीले कहीं पनि छोड्नु हुँदैन। जनताको शक्ति सुदृढ गर्ने सन्दर्भमा सामाजिक संरचनाको सबैभन्दा तल्लो इकाइमा पनि हामी यसको कार्यान्वयन गर्न सक्छौं। मानिसहरूमा समाजवादी चेतना वृद्धि गर्नु, पूँजीवादले उत्पन्न गरेका संकटका बारेमा प्रत्येक मानिसलाई प्रष्ट पार्नु, पूँजीवादका कारण विनासको डिलमा पुगेको विश्वको संकटका बारेमा मानिसहरूलाई चेतनशील तुल्याउनु र त्यही तहबाट पूँजीवादले उत्पन्न गरेका खराबीका विरुद्ध संघर्ष गर्ने चेतना र व्यवहारलाई सुदृढ तुल्याउने तरीकाले समाजवादी आन्दोलनलाई अघि बढाउन मद्दत पुर्‍याउँछ।

समाजवाद, उन्नत जीवन प्राप्तिको एउटा यात्रा हो र यसको निरन्तरता अटुट छ। जस्तै प्रतिकूलताका घडीहरूमा पनि समाजवाद निर्माणको प्रतिबद्धता नै वास्तविक रूपमा समाजवाद निर्माणको अभियान हो। यसलाई व्यवहारमा लागू नगरेसम्म समाजवाद निर्माण उपदेश बाहेक अरु केही हुँदैन। समाजवाद, कुनै रेडियो बटन दबाए जसरी फुत्त बोल्न थाल्दैन। यो त जीवनको एउटा अभ्यास हो भन्ने सच्चाइलाई स्वीकार गरिसकेपछि पार्टीहरूले आफ्नो परिवेश भित्रै समाजवाद निर्माणको अभ्यास थालिहाल्नु पर्छ। आन्दोलनको कुनै पनि चरणमा रहेको पार्टीले जनतालाई गोलबन्द गर्न सक्छ र निश्चित जिम्मेवारीमा जनताको परिचालन गर्न सक्छ। राज्यसत्ताको संचालनको जिम्मेवारी सम्हालिरहेका पार्टीहरूले मात्र होइन, संसदमा पक्ष प्रतिपक्षको भूमिका निभाइरहेका अथवा जनआन्दोलनमा क्रियाशील रहेका पार्टीहरूले पनि आ-आफ्नो ठाउँमा समाजवादी ढाँचाका कामहरू संचालन गर्न र त्यस मार्फत जनतालाई शिक्षित गर्न सक्दछन्।


नगरबासीको साझा अभियान

स्वच्छ-स्वस्थ, सीपयुक्त-सुन्दर-हराभरा बुटवलको निर्माण

**अन्तरराष्ट्रिय श्रमिक महिला दिवसको उपलक्ष्यमा सम्पूर्ण श्रमजीवी महिला प्रति हार्दिक शुभकामना व्यक्त गर्दछौं।**

**भोज प्रसाद श्रेष्ठ**
**प्रमुख तथा नगरपालिका परिवार, बुटवल**

# नेपालमा ट्रेड यूनियन आन्दोलनको पचास वर्ष

–विष्णु रिमाल



"मौसुफ सरकार, मजदुरलाई यस्ता व्यक्तिहरूले नेतृत्व दिइराखेका छन्, जो मेरा विभिन्न कारखानामा काम गर्छन् र मील कम्पाउण्ड भित्र क्वार्टरमा बस्छन्। उनीहरूले मजदुरहरूको ठूल ठूला जुलुस निकालेका छन्। र हड्ताल संचालनका लागि ब्रिटिस भारतका समाजवादी यूनियनका नेताहरूलाई आमन्त्रित गरिरहेका छन्.....।" २००३ साल फागुनमा नेपालमा ऐतिहासिक मजदुर आन्दोलन शुरु भएको छैटौं दिन (मार्च १०, १९४७) बिराटनगर जुट मिल्सका प्रबन्ध व्यवस्थापक राधाकृष्ण सिंहानियाले प्रधानमन्त्री श्री ३ पद्मसमशेर ज.ब.रा.लाई अंग्रेजीमा बिन्तीपत्र लेखे। उनले आन्दोलनकारीको रूपमा ५ जनाको नाम पोले- तारिणी प्रसाद कोइराला, गिरिजा प्रसाद कोइराला, गेहेन्द्रहरि उपाध्याय, मनमोहन अधिकारी र युवराज अधिकारी। पद्म समशेरलाई स्पष्ट होस् भनेर तारिणी प्रसाद र गिरिजा प्रसादको नामको पछाडि "स्व. पं. कृष्ण प्रसाद कोइरालाका छोराहरू" भनेर उल्लेख गरे।

सिंहानियाले आर्जि गरे- "सरकार, हडताल भइराखेको खबर पाएपछि म यहाँ हिजो आइपुगें। त्यसपछि बडाहाकिमको उपस्थितिमा जुटमील तथा कटन मीलका


## मजदुरले २००७ सालमा बनाएको ट्यांक

२००७ सालको राणा विरोधी आन्दोलनमा बिराटनगरका मजदुरहरूले ट्याक्टरलाई जस्ता-पाताले घेरेर 'ट्यांक' बनाएका थिए। इतिहास बोल्छ 'त्यो ट्यांक नै बिराटनगर मोर्चा कब्जा गर्न र राणाहरूको बचे खुचेको सेनालाई आत्मसमर्पण गराउने सशक्त हतियार बनेको थियो।' चित्रमा देखाएको ट्याक्टर इतिहासको त्यही उपेक्षित पाटो हो। बिराटनगर वर्कसप (प्रा) लिमिटेड त्यहीं ट्याक्टरलाई ट्यांक बनाएको ऐतिहासिक कारखाना हो। त्यसलाई तत्कालीन समयका मजदुर नेता पंचानन दासले बनाएका थिए र अर्को यातायात मजदुर गोरमणि सिंहले चलाएका थिए।


मजदुरहरूको मिटिङ बोलाए। समाधानमा पुग्न तथा विवाद समाप्त गर्न मैले उनीहरूलाई कटिहार तथा कलकत्ताका मजदुरहरूले पाए सरहका वेतन तथा सुविधा दिने प्रस्ताव गरें। तर मेरो प्रस्तावलाई उनीहरूले अस्वीकार गरे। आन्दोलनकारीहरूले बडा हाकिम मार्फत् प्रस्तुत गरेका मागहरू पुरा गराउन मजदुरहरूलाई उक्साइराखेका छन् ।"

पद्म समशेरलाई दमनमा उक्साउँदै सिंहानियाले थप बिन्ती गरे- "मौसुफ सरकार, मजदुरका मागहरूको कुनै उचित आधार छैन। मागहरू हावादारी रहेका छन्। जुटको उँचो दाम र उत्पादन खर्चलाई मिलाउँदा उनीहरूको माग पुरा गर्न गाह्रो छ।"

"सरकार, यहाँको वस्तुस्थिति र तथ्यहरूको विश्लेषण गर्दा म के अन्तिम निष्कर्षमा पुगेको छु भने, सम्पूर्ण मजदुरहरू, माथि लेखिएका आन्दोलनकारीको पूर्ण नियन्त्रणमा भएकोले उनीहरूलाई उचित ढंगबाट कुरा गर्ने ठाउँमा ल्याउन ज्यादै कठिन छ।







उनीहरू आज ३५ प्रतिशत वृद्धिको माग गर्दछन् र भोलि उनीहरू ५० प्रतिशत वृद्धि माग गर्नेछन्। र, यो क्रम चलाइरहने छन्।"

आफ्नो मुख्य माग अघिसार्दै उनी थप बिन्ती गर्छन्- "त्यसकारण मैले बडाहाकिमसंग संकटकालको स्थितिमा सैनिक सुरक्षाकर्मी खटाइ दिन अनुरोध गर्दा उहाँले ठाडै अस्वीकार गर्नुभयो र भन्नुभयो, "म यस्तो गर्न सक्तिन।" "मजदुरहरू संकेत पाउनासाथ कुनै वेला पनि हिंस्रक आक्रमणमा उत्रन सक्तछन्। हडतालमा उत्रिएका मजदुरहरूको संख्या ३ हजार देखि ४ हजारको बीचमा रहेको छ। यसकारण म मौसुफ सरकार समक्ष अत्यन्तै गम्भीर भएर सम्पत्तिको सुरक्षाको लागि एक हप्ता भित्रै कारखानामा कमाण्डर सहितको उचित सैनिक सहायता उपलब्ध गराइदिनु भन्ने हुकुम गरिपाउन बिन्ती चढाउँछु।"

आफूलाई राणा प्रधानमन्त्रीको "अनन्य आज्ञाकारी सेवक" को रूपमा प्रस्तुत गर्ने राधाकृष्ण सिंहानियाको यो "विन्ती पत्र" ले त्यो वेलाको औद्योगिक सम्बन्धको यथार्थ तसवीर प्रस्तुत गर्दछ।

**मजदुर आन्दोलन हुनाको कारण**

"हुकुम र विन्ती" को आडमा मील चलाउने त्यो वेलाको मील मालिकको मनपरी र चर्को शोषणले मजदुरहरू आन्दोलनमा उत्रिएका थिए। त्यतिखेरका एक जना आन्दोलनकारी नेता नैनालाल बोहरा भन्छन्- "मील २४ घन्टा संचालन

## नेपाली भूमिबाट भएको पहिलो राजनीतिक कार्वाही


– विश्वेश्वर प्र. कोइराला



त्यसै बखतमा बिराटनगरको आन्दोलन शुरु भयो। १८४७ मार्चको कुरा हो। त्यो आन्दोलन गिरिजाको नेतृत्वमा भएको थियो। मजदुरहरूका केही खास अधिकारहरूको प्राप्तिका लागि भएको थियो। त्यहाँ वास्तवमा मजदुरहरूको कुनै अधिकार थिएन। मील-मालिकले जे मन लाग्यो, गर्थ्यो। गिरिजाहरू त्यस मीलमा कारिन्दाको काम गर्थे। गिरिजा, तारिणी, मनमोहन अधिकारी, युवराज, यिनीहरू सबै त्यस मीलका कर्मचारी थिए। त्यहाँ मजदुरहरूलाई निकै थिचोमिचो गरेर राखेका थिए, त्यस मीलका २।४ जनाले। मजदुरहरूको बस्ने व्यवस्था खराब थियो। पानीको कुनै व्यवस्था थिएन उनीहरूको क्वार्टरमा। ती सबैको माग राखेर उनीहरूले हडताल शुरु गरेका थिए। पूर्णतः मजदुर हक र हितमा त्यो आन्दोलन शुरु भएको थियो। उनीहरूले ट्रेड यूनियन बनाउन पाउने अधिकारको पनि माग गरेका थिए। यो माग राजनैतिक अधिकारको थियो। तर पहिलो राजनैतिक कारवाई त्यो भएको थियो नेपालको भूमिबाट। त्यसले कत्रो स्पन्दित गऱ्यो देशलाई र कति अनुकूल प्रतिक्रिया भयो त्यसको। अनि मलाई पनि टेलिग्राम आयो तपाई आउनुपऱ्यो भनेर। किनभने, यो कारवाई त राजनैतिक स्वरूपको थियो। सरकार र मील मालिकहरू संयुक्त भए। र, यता मजदुरहरूलाई जनताको व्यापक समर्थन थियो।

त्यस बखत बिराटनगरमा जनरल राम सम्शेर बडाहाकिम थिए। अनि म पुगें। हामीहरूले राष्ट्रिय कांग्रेसको तर्फबाट पूरा समर्थन गर्यौं। त्यसको राजनैतिक महत्व यस कारणले मात्र थिएन कि ५।७ हजार मजदुरहरूले हडताल गरेका थिए। त्यो नेपालको भूमिमा, खुला रूपले निर्धक्क भएर, सरकारको अवज्ञा गरेर पहिलो आन्दोलन थियो। गाउँ-गाउँबाट मान्छेहरू आए। हडताल गरेका ५।७ हजार मजदुरहरूलाई खुवाउनुपर्ने स्थिति थियो। साराले चामल दिए, दाल दिए, पैसा दिए र हडताल चल्यो। पद्म सम्सेर त्यसबखत प्रधानमन्त्री थिए। मनमोहन अधिकारीले म कम्युनिस्ट पार्टीको तर्फबाट बोल्छु भनेका थिए। कम्युनिस्ट पार्टी त्यसैबखतदेखि देखापरेको छ। मैले यो किन भन्न खोजेको भने कम्युनिस्ट पार्टी पछि जन्मेको होइन, नेपाली कांग्रेसकै हाराहारी उसको प्रादुर्भाव भएको छ।

**(विश्वेश्वर प्रसाद कोइराला, आत्मवृत्तान्त पेज ५३ बाट)**



गर्न पर्थ्यो। सुविधाको हकमा कामको अनुपातमा नगण्य। शोषण र दमनको बीचमा काम गर्नुपर्ने अवस्था भएकोले यसबाट त्राण पाउनका लागि बिराटनगर जुट मीलका सबै मजदुरहरू मौकाको ताकमा थिए।”

बिराटनगर जुट मीलमा शेयरहोल्डरहरूका प्रतिनिधिको रूपमा नियुक्त उद्योगपति स्व. जुद्ध बहादुर श्रेष्ठको भनाइबाट यसको पुष्टि हुन्छ। उनले भनेका छन्- “त्यसवेला कुनै लेबोर ल (श्रम कानून) थिएन। कामको समय निर्धारण थिएन। कामदारहरू १२ घन्टा काम गर्थे, जबकि भारतमा ८ घन्टा काम गर्दथे। तलब न्यून थियो। म्यानेजिङ डाइरेक्टर नै सर्वेसर्वा थियो। भर्ना गर्दा कुनै नियम पु¥याउन पर्दैन थियो। त्यस्तै खोस्दाखेरि पनि नियम पु¥याउनु पर्दैन थियो। कामदारलाई हटाउन प¥यो भने “निकल जाओ” भने पुग्दथ्यो। सबै कुरा डिक्टेटोरियल (निरंकुश) थियो।”

**आन्दोलनको माग**

“८ घन्टाको काम, चामल-चिनी र कपडा सस्तोमा पाउनुपर्ने र बढ्दो महंगीको अनुपातमा ज्याला वृद्धि” जस्ता मजदुर हक हितका माग सहित त्यो आन्दोलन शुरु गरिएको भए तापनि ट्रेड यूनियन अधिकार जस्तो महत्वपूर्ण माग पनि त्यसले राखेको थियो। जहाँनियाँ राणाशासन कालमा संगठित हुन पाउने अधिकार सहित झण्डा बोकेर श्रमजीवी जनता मैदानमा उत्रिएको पहिलो घटना नै मार्च ४, १९४७ को घटना थियो। यो आन्दोलनले राणाशाही अन्त्य र प्रजातन्त्र बहालीको पहिलो विगुल फुक्यो र नेपालमा स्वतन्त्रताका लागि लड्ने २ फरक फरक विचारधारालाई पनि औपचारिक रूपमा संस्थागत ग¥यो।

**विवाद र आन्दोलनको शुरुवात**

आन्दोलनको शुरुवात संगै गिरिजा प्रसादहरूले पटनामा रहेका बीपी कोइरालालाई टेलिग्राम गरे। भारतीय सोसलिस्ट पार्टीको सहयोग बीपीलाई थियो। कमरेड मनमोहन अधिकारीको तर्फबाट भारतीय कम्युनिस्ट पार्टीका माइला बाजेलाई आमन्त्रण गरियो।

दुई विचारधाराको टक्करमा के नाम र कुन झण्डामा आन्दोलन गर्ने बहस शुरु भयो। एकातिर बीपी अर्कातिर मनमोहन अधिकारी। एकातिर मजदुर सभा र त्यसको जस्तै झण्डा बोक्ने माग, अर्कातिर हसिया-हथौडा सहितको रातो झण्डा र ट्रेड यूनियन कांग्रेस नाम॥ दुवै धाराका आआफ्नो अनुमान र तर्क थिए। देशमा सशक्त राजनीतिक पार्टी थिएन। झण्डै १ महिना अघि मात्र नेपाली राष्ट्रिय कांग्रेस बनेको थियो। कम्युनिस्ट पार्टी विधिवत बनिसकेको थिएन। त्यसैले क. मनमोहन र बीपी दुवै जना कम्युनिस्ट पार्टी र सोसलिस्ट पार्टीको भारतीय अनुभव अनुरूपको अडानमा हुनुहुन्थ्यो।

ट्रेड यूनियनको औपचारिक गठन पनि भइसकेको थिएन। मनमोहनप्रति मजदुरहरूको समर्थन देखेर अन्त्यमा क. मनमोहनको धारणा बमोजिमको रातो झण्डा बोकेर अध्यक्ष गिरिजा प्रसाद र महासचिव मनमोहन अधिकारी रहेको संयन्त्र निर्माण गरी आन्दोलन शुरु गरियो। बीपी, मनमोहन, तारिणी, गिरिजा, बिकु, युवराजहरूलाई गिरफ्तार गरी काठमाडौं चलान गरेपछि आन्दोलनमाथि दमन गरियो।

यो दमनको चर्चा परिचर्चा भारतमा पनि भयो। मार्च २५ मा “रोटी के बदले संगीन, मजदुरों पर डंडे चलाये गये” जस्ता नारा सहित त्यहाँ पर्चाबाजी गरियो। तर विस्मयको कुरा उक्त पर्चामा पनि सोलिस्ट समर्थकको मात्र नाम उल्लेख गरियो।

## निरङ्कुश तन्त्रलाई सत्ताको सभामा मजदुर प्रतिनिधि सामेल गर्न बाध्य पार्ने आन्दोलन

**– क. मदन भण्डारी**



सर्वप्रथम २००३ साल फागुन २० गतेदेखि विराटनगर जुट मिल र मोरङ कटन मिलका मजदुरहरूले हड्ताल शुरु गरे। यस आन्दोलनका मागहरूमा राम्रो आवासको व्यवस्था, जीविका पुग्दो वेतन प्रणाली र स्वतन्त्र मजदुर संघलाई मान्यता दिनुपर्ने जस्ता कुराहरू मुख्य थिए। यसरी शुरुमा नै मजदुरहरूको जीवन स्थिति र कार्य परिस्थितिलाई सुधार गर्ने स्थायी महत्वका सवालहरू सचेत रूपमा उठाइएका थिए। यो मजदुर आन्दोलन आफ्नो इतिहासमा मात्र होइन नेपालको जनआन्दोलनकै इतिहासमा महत्वपूर्ण रहेको छ। त्यो केवल पहिलो आन्दोलन भएको कारणले मात्र होइन, चेतना र मागहरूको सुस्पष्टता तथा व्यापक जनआन्दोलनको सूत्रपातकर्ताको हिसाबले पनि महत्वपूर्ण मानिएको छ। राणाशाही विरोधी प्रथम जनआन्दोलन यहींबाट शुरु भयो, जो पछि देशव्यापी र जनव्यापी बन्यो। राणा शासकहरूले आन्दोलनकारीहरूका सामु पहिलो पटक झुकेर सम्झौता गर्न बाध्य हुनुप¥यो। यद्यपि राणा सरकारले त्यो मजदुर आन्दोलनलाई निर्मम दमन ग¥यो तर उसको मनमा ढ्यांग्रो पनि बज्यो। फलस्वरूप २००४ सालमा एकातिर सभा संगठन गर्न नपाइने ऐन जारी गर्न पुग्यो भने अर्कातिर “राष्ट्रिय सभा” बनाउने र त्यसमा मजदुरबाट पनि एक जना मनोनित गर्ने कानूनी व्यवस्थाको घोषणा ग¥यो। जहानियाँ निरंकुशतन्त्रलाई सत्ताका निकायमा मजदुर प्रतिनिधि पनि सामेल गर्नु पर्ने बाध्यता बिराटनगर मजदुर आन्दोलनले नै गराएको हो।

**(जननेता भण्डारी मजदुरसंग, पेज ४३ बाट)**

**दमन र त्यसपछि**

सिंहानियको बिन्ती पत्रले काम गऱ्यो। बिग्रेडियर कर्णेल उत्तम विक्रम राणाको कमाण्डमा गएको सैनिक टुकडीले आन्दोलन दमन गऱ्यो। ठूला नेताहरूलाई काठमाडौं र बाँकी आन्दोलनकारी मध्ये केहीलाई धनकुटा जेल चलान गरेर स्थितिलाई शिथिल पारियो। आन्दोलनको २३ औं दिनमा "बाइ अर्डर" (हुकुम बमोजिम) भन्दै बडा हाकिमले हिन्दीमा सूचना जारी गऱ्यो।

"श्री ३ महाराजको हुकुम अनुसार मजदुरीमा १५ प्रतिशत वृद्धि गरिएको र हडताल अवधिको पुरै मजदुरी दिने कुरा बिराटनगरका सबै मजदुरहरूलाई सूचित गरिन्छ। महाराजबाट कटिहारको जुटमीलमा जे सुविधा दिइएको छ त्यो यहाँ पनि हुकुम बक्स भएको छ। आज ३ बजे सम्म सबै मजदुरहरूलाई काममा फर्कने समय दिइएको छ। यदि त्यो समय भित्र काममा नआए ३ बजे पछि बिराटनगर जुट मील अनिश्चित कालको लागि बन्द गरिनेछ। जजसको कामको पैसा लिन बाँकी छ, आआफ्नो पैसा लिएर घर गए हुन्छ।"

३१ मार्चका दिन ब्रिगेडियर कर्णेल उत्तम विक्रमले हिन्दी भाषामा अर्को सूचना जारी गरे। त्यसमा उनले "मजदुरका 'सरदार' हरूले माफी मागेर मील फेरि चालु गर्छ भनेकोले" ३१ मार्चबाट मील फेरि चल्ने भएकोले काममा आउन सबै मजदुरहरूलाई आव्हान गरे।

२००३ सालको आन्दोलनको किस्सा यहीं समाप्त भएन। केही महत्वपूर्ण नेताहरू गिरफ्तार भए पनि त्यो आन्दोलनको दमन संगै नयाँ चरणमा आन्दोलन उठ्यो। एकातिर मजदुरहरूको केही पेशागत माग पुरा भए भने अर्कोतिर मजदुर यूनियन स्थापनामा यसले मजदुरहरूमा हौसला बढाइदियो। यो स्थितिलाई बीपी कोइरालाले - "त्यसले कत्रो स्पन्दित गऱ्यो देशलाई र कति

## सबै कुरा डिक्टेटोरियल थियो, सरकार पनि र जुटमीलको व्यवस्थापन पनि

**जुद्धबहादुर श्रेष्ठ**



त्यसवेला जुटमील र कटनमील ठूला उद्योगहरू थिए। जुटमीलमा अठाइस सय र कटन मीलमा पाँच, छ सय कामदार काम गर्दथे। त्यसवेला कुनै लेबोर ल (श्रम कानून) थिएन। कामको समय (वर्किङ आवर) निर्धारण गरिएको थिएन। कामदारहरू १२ घन्टा काम गर्थे जबकि भारतमा ८ घन्टा काम गर्दथे। तलब न्यून थियो। अधिकांश भारतबाट आएका मजदुरहरू थिए। नेपाली मजदुर थिएनन्। लेवर प्रोब्लेम त्यति थिएन। सुविधा कम थियो। भारतमा पाउने सुविधा भन्दा कम सुविधा थियो। म्यानेजमेन्टले जे भन्यो त्यही हुन्थ्यो। राधाकृष्ण चमडियाले मेनेजिंग डाइरेक्टर नियुक्त गरेको थियो। म्यानेजिंग डाइरेक्टर नै सर्वेसर्वा थियो। उसले जे गऱ्यो त्यही हुन्थ्यो। भर्ना गर्दा पनि कुनै नियम पुऱ्याउनु पर्दैनथ्यो। त्यस्तै खोस्दा खेरी पनि नियम पुऱ्याउनु पर्दैनथ्यो। कामदारहरूलाई हटाउन पऱ्यो कसैको काम चित्त बुझेन वा कसैलाई राख्न मन लागेन भने "निकल जाओ" भने पुग्दथ्यो। सबै कुरा डिक्टेटोरियल थियो। सरकार पनि डिक्टेटोरियल (निरंकुश) थियो, जुटमीलको व्यवस्थापन पनि डिक्टेटोरियल (निरंकुश)।

मजदुरभित्र म्यानेजमेन्ट प्रति असन्तोष थियो। फेरि त्यहाँ भारतको लेबोर मुभमेन्ट मा काम गरेका, लेबोर मुभमेन्ट बारे जानकारी भएका मजदुरहरू पनि थिए। उनीहरूले म्यानेजमेन्टको विरुद्ध ठूलो आन्दोलन गर्न पनि सकिराखेको थिएनन्। यस्तो ठूलो जनशक्तिलाई एक ढिक्का बनाएर आन्दोलनमा उतार्न सके सरकारसंग लड्न सक्तछौं, इफेक्ट पार्न सक्छौं भन्ने सोचाइ राखेर राजनीति गर्ने यसतर्फ प्रवेश गर्नुभयो। फलस्वरूप तारिणी प्रसाद कोइराला र गिरिजा प्रसाद कोइरालाले जुटमीलमा जागिर खान शुरु गर्नुभयो। त्यसै गरी मन मोहन अधिकारीले नेपाल केमिकल उद्योगमा जागिर खानुभयो। त्यस्तै गेहेन्द्र हरि, महेश उपाध्याय लगायत अन्यहरूले पनि जागिर खानुभयो। उहाँहरूले जागिर खाने उद्देश्यले जागिर खानु भएको होइन केवल मीलभित्र पस्नको निमित्त जागिर खानुभएको हो। उहाँहरूले व्हाइट कलर जागिर खानुभएको होइन न त मेशिन चलाउने जागिर खाएको हो। वहाँहरूको जागिर थियो- इनसाइड द फैक्ट्री नट इनसाइड द अफिस। ...उहाँहरूले मिलको प्रडक्सन हुने ठाउँमा प्रवेश गर्ने र कामदारहरूले प्रोडक्सन गरेको कुराहरूको नोट गर्ने काम गर्नुहुन्थ्यो। यसबाट वहाँहरू मजदुरसंग बढी निकट हुनुभयो। मजदुरहरूलाई आफ्नो हकहरू के के हुन् र हक लिनुपर्छ, माग गर्नु पर्छ, माग नगरी पाइँदैन भन्ने कुराहरू सम्झाउनुभयो र सो काम गर्न मीलमा काम गर्ने भएकोले सजिलो भयो।

त्यसवेलाका प्रमुख मागहरूमा मजदुरहरूले संगठन गर्न पाउनु पर्दछ, ज्याला सुविधा बढाइनु पर्दछ, सुपथ मूल्यमा सामान उपलब्ध गराउनु पर्दछ भन्ने जस्ता मागहरू थिए। मागहरू लिखित रूपमा प्रस्तुत गरिएका थिए तर मागहरूको सूची धेरै लामो थिएन।

**(नेपाल श्रम पत्रिका द्वैमासिक)**

अनुकूल प्रतिक्रिया भयो त्यसको” भनेका छन्। जननेता भण्डारीका अनुसार- “यद्यपि राणा सरकारले त्यो मजदुर आन्दोलनलाई निर्मम दमन गऱ्यो तर उसको मनमा ढ्यांग्रो बज्यो। फलस्वरूप २००४ सालमा एकातिर संघसंगठन गर्न नपाइने ऐन जारी गर्न पुग्यो भने अर्कातिर ‘राष्ट्रिय सभा’ बनाउने र त्यसमा मजदुरबाट एक जना मनोनित गर्ने कानूनी व्यवस्थाको घोषणा गऱ्यो।”

२००३ सालको फागुन देखि ००७ साल सम्मको अवधि तीव्र उथल पुथल र प्रतिक्रियाको अवधिको रूपमा गुज्रियो। त्यस अवधिमा भएका मजदुर गतिविधिले अखिल नेपाल ट्रेड यूनियन कांग्रेसको स्थापनामा महत्वपूर्ण योगदान गऱ्यो। जसको श्रेय क. मनमोहन अधिकारीमा जान्छ।

यो अवधिमा नेपालको ट्रेड यूनियन आन्दोलन भित्र प्रतिस्पर्धी धाराको रूपमा बिराटनगर मिल्स मजदुर सभाको पनि जन्म भयो। कम्युनिस्ट र सोसलिस्ट धाराको रूपमा विभाजित ती २ धाराले आजसम्म नै नेपालको ट्रेड यनियन आन्दोलनलाई प्रभावित गरिरहेको छ।

**नेपालको ट्रेड यूनियन आन्दोलन :**

**इतिहासलाई फर्केर हेर्दा**

संस्थागत यूनियन आन्दोलनको ५० वर्ष र २००३ सालको ऐतिहासिक आन्दोलनको ५४ वर्ष बितेको छ। यस बीच धेरै पटक सरकारहरू परिवर्तन भएका छन् र व्यवस्थाकै हिसाबले पनि ३ कालखण्ड पार गरिसकिएको छ।

यी परिवर्तनका घटनाहरूले ट्रेड यूनियन स्थापना संगै गति पाएको पनि छ। २००३ सालमा मजदुरहरूको आन्दोलन शुरु भयो- २००४ सालमा पद्म समशेरले सुधारको घोषणा गरे। २००७ सालमा अखिल नेपाल ट्रेड यूनियन कांग्रेसको स्थापना भयो। मजदुरहरूले ट्याक्टरलाई ट्यांक बनाई राणाशाहीमाथि धावा बोले। र, प्राप्त भयो २००७ सालको परिवर्तन। यस्तै, २०३५ सालको कार्तिकमा भएको बालाजुको हडताल र चैतमा भएको पूर्वपश्चिम राजमार्गको २५ हजार मजदुरहरूको हड्ताल संगै जनमत संग्रहको घोषणा भयो। र २०४६ साउनमा नेपाल ट्रेड यूनियन महासंघको स्थापना पछि - शुरु भयो ऐतिहासिक जनआन्दोलन।

२००३ सालमा व्यवसायीहरू विना कानून कारखाना चलाउँथे। “हायर एण्ड फायर” गर्थे। तर मजदुरहरूको हड्ताल भएमा हड्ताल अवधिको पूरै ज्याला दिन्थे भन्ने कुरा माथि उल्लेख गरिएको छ। मजदुरहरू त्यही निरंकुशताको विरुद्ध विस्फोट भएका थिए। तर आज पनि व्यवसायीहरू २००३ सालको जस्तै त्यत्तिकै भर्ना गर्न पाउँ र “निकल जाओ” भन्न पाउँ भन्ने माग गरिरहेका छन्। उनीहरू २००३ सालका पद्म समशेरभन्दा पनि तल झरेर हडताल अवधिको ज्याला नदिने प्रपञ्चमा छन्। उनीहरूको मुखमा नै झुण्डिएको छ - “नो वर्क : नो पे”।

## बंगाल वा बिहार अवार्ड भनेको के हो?

**पवन कुमार ओझा**



त्यसबेला जुटमील लगायत स्थापित भएका सबै मील कारखानाका प्रत्यक्ष मालिक भारतीय थिए भने कामदार पनि प्रायः सबै भारतीय थिए। त्यसवेला नेपालमा लिखित अलिखित श्रम कानून थिएन आधुनिक उद्योग धन्दाको लागि। थियो त केवल मुलुकी ऐन र त्यसमा भएका केही “इलम रोजी गर्नेको”, “ज्याला मजुरीको” जस्ता महलहरूमा भएका व्यवस्था मुलुकी ऐनमा व्यवस्थित उक्त कानूनहरू केवल घरेलु ससाना असंगठित रोजगारीमा लागेको श्रमलाई मात्र प्रयोग हुन सक्तथे। तसर्थ त्यो वेलामा पूँजी पक्षको बारेमा केही केही कानून अवश्य थियो तर श्रम पक्ष अर्थात कामदारका हक हितका लागि कुनै कानून थिएन। अर्थात कामदारहरू पूर्णतः व्यवस्थापकको निगाहमा रहेका थिए। व्यवस्थापकले जे भन्यो त्यही हुन्थ्यो।

त्यसवेलाको मूल कुरा उद्योग (जुटमीलहरू) मा ज्याला, सुविधा लगायत सेवा शर्तहरू के कस्तो हुनु पर्दछ भन्ने कुनै स्थापित नर्म थिएन। कम वेसी वा फाइदाजनक भयो भएन वा छ छैन भन्ने कुरा त परै रह्यो। ।

त्यस वेला त्यहाँ दुई वटा भिन्न भारतीय परिस्थिति विद्यमान थिए। एउटा विहारको र अर्को बंगालको। बिराटनगरबाट बिहारको जुटमील भएको ठाउँ कटिहार गरीब ६० माइल जति टाढा थियो भने त्यति नै जस्तो टाढा बंगालको जुटमील भएको क्षेत्र थियो। यी दुई ठाउँमा मजदुरका वेतन ज्याला, सुविधा लगायत कामका शर्तहरू फरक फरक थिए। कुनै कुरामा कटिहार (बिहार) का शर्तहरू लाभदायी थिए भने कुनै कुरामा बंगालका शर्तहरू लाभदायी थिए। यस कारण कुन ठाउँको काम शर्तको माग गर्ने भन्ने बारेमा त्यस वेला एक मत हुन सक्तैनथ्यो र मजदुरहरूमा मतभिन्नता हुन्थ्यो र यतिसम्म कि झगडा सम्म हुन्थ्यो। विस्तारै कामदारहरूमा राजनीतिको प्रभावले गर्दा यस्तो झगडा ग्रुप (दलगत) किसिमको पनि हुन्थ्यो। अतः कांग्रेस समर्थक (प्रजातन्त्रवादी) र कम्युनिस्ट समर्थकहरूको बीचमा मतान्तर रहन्थ्यो।

जहाँसम्म “एवार्ड” भन्ने कुरा हो शाब्दिक रुपमा यो केवल निर्णय (फैसला) हो। इण्डियामा व्यवस्थापन र मजदुरका बीचमा भएको वा उठेका विवादहरूमा सक्षम निकाय (ट्रिब्युनल, मध्यस्थ का अदालत) समक्ष पठाउने (रेफर गर्ने) र तिनले निर्णय गर्ने व्यवस्था थियो र हालसम्म पनि छ। यस्तो निर्णयलाई त्यहाँ अवार्ड भन्दछन्।

भारतको बिहार र बंगालमा उद्योगको लामो इतिहास भएको र सो दौरान व्यवस्थापन एवं कामदारका बीचमा कैयौं पटक झगडा (विवाद) भएर निर्णय (अवार्ड) हुँदै, यस्ता निर्णय (अवार्ड) हरूको एक प्रणाली (सिस्टम) नै वसिसकेको थियो । फेरीयस्ता अवार्डहरू उद्योग पिच्छे (चिनी उद्योग, जुट उद्योग जस्तै अन्य उद्योग) फरक फरक हुन्थे । विराटनगरमा त्यसवेला विहार (कटिहार) वा बंगालका जुटमिलका अवार्डहरूको मात्र खोजि नीति भएको हो। बिहार (कटिहार) अवार्ड वा बंगाल अवार्ड भन्दाले बिहार (कटिहार) वा बंगालका जुट मीलहरूमा भइरहेका अवार्डहरूको मात्र कुरा हो।

# नेपाली ट्रेड यूनियन आन्दोलन र अयोध्याप्रसाद सिंह

नेपाली ट्रेड यूनियन आन्दोलनको इतिहासमा अयोध्या प्रसाद सिंह बिर्सनै नसकिने नाम हो। उनी भारतीय थिए र जमसेदपुरको टाटा कारखानाका मजदुर नेता थिए। भारतीय सोसलिस्ट पार्टीसंग सम्बन्धित रहेका श्री सिंहमाथि टाटा कम्पनीको आन्दोलनमा सक्रिय रहेकोले वारेन्ट काटियो। गिरफ्तारीबाट बच्न र टाइफायडको बिरामी रहेकाले आराम गर्नको लागि नेपाली मित्र महेश प्रसाद उपाध्यायकोमा बस्ने गरी उनी बिराटनगर आए। त्यसपछि उनी (२००७ साल देखि) नेपाली ट्रेड यूनियन आन्दोलनमा सामेल भए।

अयोध्या सिंह, कपिलदेव र महेश उपाध्यायसंगै गिरिजा प्रसादहरूलाई सहयोग गर्न यूनियन आन्दोलनमा सहभागी भएका थिए। उनले अखिल नेपाल ट्रेड यूनियन कांग्रेसलाई फुटाई "मजदुर सभा" निर्माण गर्दा समेत गिरिजा प्रसाद - कपिलदेवलाई साथ दिएका थिए। तर छोटो समयमा नै मजदुरसभा (बिराटनगर मिल्स मजदुर सभा), मजदुर कै विरुद्ध पूँजीपतिहरूको हतियार बन्न पुगेकोले अयोध्या सिंहहरू अखिल नेपाल ट्रेड यूनियन कांग्रेससंग तालमेल राख्दै मजदुर सभाको नेतृत्व विरुद्ध मजदुरहरूलाई सचेत पार्न थाले।

गिरिजा प्रसादहरू सितको टकराव अयोध्या सिंहलाई महंगो पर्‍यो। मजदुर सभाबाट गिरिजा प्रसाद - कपिलदेवलाई निष्कासन गरेको लगत्तै मजदुर सभाको कार्यालयमा प्रहरीले तोडफोड गर्‍यो। २०४८ सालमा नेपाल ट्रेड यूनियन महासंघका प्रतिनिधिसंग कुराकानी गर्दै महेश उपाध्यायले भने - "त्यस दिन प्रहरी सहित आएका गिरिजा बाबुले नोटको गड्डी देखाउँदै भनेछन्, ये ले लो और इण्डिया चले जाओ।" अयोध्या सिंहले मजदुरलाई धोका दिन नसक्ने बताएपछि उनलाई गिरफ्तार गरियो र धनकुटा जेल चलान गरियो।

ऐतिहासिक दस्तावेजहरूले यस विषयमा बोलेका छन्। बिराटनगर गोश्वारा मोरंग, (नेपाल सरकार) का बडाहाकिमको हस्ताक्षर भएको हिन्दी भाषाको सूचना (नं. ४) मा लेखिएको छ- "बिराटनगर जुट मील्स र कटन मिल्सका कर्मचारी तथा मजदुर वर्गलाई जानकारी होस्, अयोध्या प्रसाद सिंह, रघुनाथ सिंह, सर्दार सलिल मियाँले कानून विरोधी आचरण गरी शान्ति भंग गरेको अपराधमा गिरफ्तार गरिएको छ। उनीहरूलाई कानूनी कार्वाही गरिनेछ।"

अयोध्या सिंह गिरफ्तार हुँदा मजदुरहरूले ८ सूत्रीय माग व्यवस्थापन समक्ष राखेका थिए। त्यो माग पूरा गराउन उनले आमरण अनसन गरे। मजदुर सभाको १९५१।९।३ को दस्तावेजमा माग पूरा गर्ने आश्वासन पाएपछि उनले अनसन तोडेको भनिएको छ। सरकारको गृह विभागले २००८ साल साउन १२ गते एउटा "मजदुर जाँच कमिसन" गठन गरेको दस्तावेजमा उल्लेख छ। उक्त जाँच कमिसनमा मजदुर प्रतिनिधिका रूपमा गिरिजा प्रसाद कोइरालालाई नियुक्त गरिएको पनि सोही दस्तावेजले बताउँछ।

इतिहासमा अयोध्या सिंह, महेश उपाध्यायहरूको नेतृत्वमा रहेको मजदुर सभाले बंगालको जस्तै सुविधा नेपालमा हुनुपर्ने (बंगाल अवार्ड लागू गर!) माग गरेको तर गिरिजा प्रसाद- कपिलदेव समूहले कटिहारको जत्तिकै सुविधामा चित्त बुझाएकोले पनि विवाद भएको भन्ने उल्लेखित छ। "जाँच कमिसन" लाई "नेपालभर मुलुकमा सालभरी चालू रहने मील फ्याक्टरीहरूमा काम गर्ने मजदुरहरूको के कस्तो अवस्था छ सो र भारतका मजदुरहरूको के कस्तो अवस्था छ, त्यसको तुलनात्मक अध्ययन गर्ने र मील मालिक र मजदुरहरूमा परस्परमा राम्रो सम्बन्ध बाँध्ने र हाम्रो मुलुकमा मजदुरको आर्थिक अवस्था सुधार्ने आवश्यक कुराको फाँटवारी तयार गर्ने उद्देश्यले हाललाई बिराटनगर, बीरगंजको निरिक्षण गरी उचित सिफारिस गर्ने" म्यान्डेट दिएको पाइन्छ।

अयोध्या सिंह र गिरिजाहरूको तीव्र विवाद यहाँ पनि प्रतिविम्बित हुन्छ। " कमिसन"मा यूनियनको नेताको रूपमा अयोध्या सिंहलाई नियुक्त गर्नुको सट्टा गिरिजालाई सामेल गरी अयोध्या सिंहलाई देश निकाला गर्ने आदेश दिइन्छ। अझ अयोध्या सिंह, कमिशनको बैठकमा भाग लिन जाँदा वेइजति गरिन्छ।

२००८ भदौतिर उद्योग मन्त्रीलाई लेखिएको मजदुर सभाको पत्रले भन्छ- "ता. ३९।५१ को कमिशनको बैठकमा (श्री प्रेसिडेन्ट) श्री अयोध्या सिंह जाँदा (प्रेसिडेन्ट) को उपस्थितिमा विरोध गरेकोले र ( प्रेसिडेन्ट) को अपमान हुन गएकोले मील्स मजदुर सभाको कार्यसमितिले निम्न लिखित प्रस्ताव पास गरी सूचनार्थ पठाएको छ।"

प्रस्तावको (क) मा "श्री अयोध्या सिंहलाई नेपाल सरकारले नेपाल छोड्ने आदेश दिएको छ, त्यो यथाशीघ्र नेपाल सरकारले वापस लिनुपर्छ" उल्लेख छ।

अयोध्या सिंह धनकुटा जेलबाट छुटेको लगत्तै पछि बिते। धेरै मजदुरहरूको आरोप छ- उनलाई जेलमा स्लो प्वाइजन (मन्द विष) दिइएको थियो। २३ अगस्त ५१ को साँझ ७ बजे जोगवनीको मेडिकल अफिसर डा. पी. के. चक्रवर्तीले गरेको प्रमाणित पत्रमा लेखिएको छ- "म यो प्रमाणित गर्छु कि श्री अयोध्या सिंह वर्ष ३०, हिन्दु (पुरुष) मिल मजदुर सभा बिराटनगर (नेपाल)को अध्यक्ष ले अनसन गरेको दोस्रो दिन देखि नै स्वास्थ्य जाँच गरिरहेको छु। उनको अवस्था दिन दिनै बिग्रिरहेको छ। यसै गरी अनसनमा रहने हो भने उनको जीवन नै खतरामा पर्न सक्छ।"

महेश उपाध्यायको भनाइ छ- "उहाँलाई पेटको रोग थियो। जेलमा डाक्टरले के औषधि दियो थाहा छैन। जेलबाट छुट्दा उहाँ अत्यन्तै बिरामी देखिनु हुन्थ्यो। जचाउँदा इन्टरनल अबस्ट्रक्सन (आन्द्रा गाँठो परेको) थाहा भयो। र हामीले तुरुन्तै भारतको पूर्णिमा पुर्‍यायौं। अप्रेसन पनि भयो। तर उहाँ बाँच्नु भएन। पछि गाँठो परेको आन्द्रामा भएको खानेकुरा जाँच गर्दा फुड प्वाइजन भएको थाहा भयो।




# किन आयोजना गऱ्यो मनमोहन स्मृति प्रतिष्ठानले मजदुर सहयोद्धा सम्मान कार्यक्रम

सुदिप प्र. भट्टराई

गत माघ १९ गतेको कुरो हो, मनमोहन स्मृति प्रतिष्ठानद्वारा आयोजित पूर्वाञ्चलका देशदर्शनका सहभागीहरूलाई बिराटनगर जुटमिलमा गरिएको स्वागत कार्यक्रममा एकजना वृद्ध २००३ सालको मजदुर आन्दोलनको कथा सुनाउँदै हुनुहुन्थ्यो। श्रद्धेय मनमोहन अधिकारीको नेतृत्वमा हामीले यहीको हड्ताली हाटमा पहिलो हड्ताल गरी मजदुर आन्दोलनको विगुल फुकेका थियौं ... जसको निरन्तरताले नै २००७ सालमा नेपालमा प्रजातान्त्रिक व्यवस्थाको शुरुवात भएको थियो। उहाँकै सल्लाहमा पञ्चानन दासजीले राणा सरकारको सैनिक बलसंग लड्न एउटा ट्र्याक्टरलाई चार ब्यारलको ट्यांकमा परिणत गर्नुभएको थियो, जसको मद्दतले बिराटनगर कब्जा गर्न सकिएको थियो। हामीले २००७ सालमा 'उ त्यही घरबाट रेडियो नेपाल संचालन गरेका हौं' उहाँ उत्तरतर्फ रहेको एक पुरानो घरलाई देखाउँदै हुनुहुन्थ्यो।

सहभागी वृद्धहरू आफै उक्त आन्दोलनमा सहभागी भए झैं गरि कुरा सुनिरहनु भएको थियो भने म चाहिं मनमनै घोत्लिँदै थिएँ। ओहो यी जिउँदा इतिहासको कुरालाई लिपिबद्ध गर्न सके अलिखित इतिहासका पानाहरू समेटिन सकिने थियो। को होलान् यिनी? मेरो जिज्ञासा मेट्दै ने.क.पा. (एमाले) का केन्द्रीय सदस्य एवं कोशी अञ्चल इन्चार्ज क. गुरु बरालले भन्नुभयो, "रघुनाथ गुप्ता, उहाँ मनमोहन अधिकारीको सहयोद्धा हुनुहुन्छ। कति त बितिसक्नु भयो, उहाँ जस्ता ऐतिहासिक व्यक्तित्व अझै १५/२० जना हुनुहुन्छ होला।

उहाँहरूको खोजी गरी भिडियो रेकर्डिङ्ग गर्न सके इतिहास संरक्षित हुने थियो। मेरो कुरा नसिद्धिदै उहाँले सल्लाह दिनुभयो, "प्रतिष्ठानबाट गर्नुस् न।"

काठमाडौं आउनासाथ मैले कुरा अघि बढाएँ। प्रतिष्ठानका अध्यक्ष भरतमोहन अधिकारीले भन्नुभयो, "किन भिडियो रेकर्डिङ्ग मात्रै ? उहाँहरू त नेपालको क्रान्तिका अग्रज योद्धा हुनुहुन्छ। उहाँहरूलाई अभिनन्दन गर्ने कार्यक्रम नै राखौं। सबैलाई समेटौं। विस्तृत अन्तर्वार्ता पनि लिऔं। जसले मनमोहन कमरेडको संघर्षको गाथा लेखनमा पनि सघाउ पुग्छ।" प्रतिष्ठानका सचिव क. ईश्वर पोखरेलले विचार राख्नुभयो, "त्यसो भए ढिलो नगरौं, शहीद दिवसको उपलक्ष्यमा नै २००३ सालदेखि २००७ सालसम्मका क. मनमोहनका सबै जीवित सहयोद्धाहरू र मृतकका परिवारलाई सम्मान गर्ने कार्यक्रम राखौं।" मेरो प्रस्ताव टुंगोमा पुग्यो।

"जिफण्टसंग समन्वय गरेर कार्यक्रम तय गर्नु होला" भन्ने अध्यक्षज्यूको निर्देशानुसार जिफण्टका महासचिव विष्णु रिमाललाई कार्यक्रमबारे विस्तृत जानकारी गराई सल्लाह मागें। निकै उत्साहित हुँदै उहाँले कार्यक्रममा जिफण्टको पूर्ण सहयोग हुने बताउँदै मलाई सतर्क गर्दै भन्नुभयो, "सही व्यक्तित्व छुट्नु हुँदैन, गलत मान्छे पर्न हुँदैन, छनौट गर्ने काम कठिन छ, निकै

विचार पुऱ्याउनु पर्छ।"

वास्तवमा तात्कालीन सहयोद्धाहरूको खोजी कार्य जटिल नै थियो। फेरि बिराटनगर पुगें र ने.क.पा. (एमाले) तथा जिफण्टका स्थानीय नेतृत्वसंग छलफल भई राधेश्याम दली-संयोजक, बिनोद ढकाल-सचिव र योगीलाल यादव, धर्मानन्द सन्जेल , राजेश सुब्बा, प्रसाद डंगोल र बिक्रम तिवारी सदस्य रहेको एक "व्यवस्थापन समिति" गठन गरी सहयोद्धाहरूको खोजी गर्ने र टुंगोमा पुग्ने योजना बन्यो। उक्त कार्यक्रम पुरा गर्ने पूर्ण जिम्मेवारी पनि उक्त व्यवस्थापन समितिलाई नै दिइयो। व्यक्ति/व्यक्तिसंगको सम्पर्क र अध्ययनबाट सम्मानित व्यक्तित्वको पहिचान तथा कार्यक्रम सफल पार्न व्यवस्थापन समितिबाट भएको योगदानको उच्च मूल्यांकन गर्नै पर्दछ।

२०५७ माघ १४ गते बिहान ८:०० बजीसक्दा पनि कुहिरोले धुम्म थियो, बिराटनगरको त्यो ऐतिहासिक हड्ताली हाट। जहाँ हामी श्रद्धेय मनमोहन अधिकारीका सहयोद्धाहरूलाई सम्मान गर्न जम्मा भएका थियौं। नेपालको पहिलो निर्वाचित कम्युनिस्ट प्रधानमन्त्री श्रद्धेय मनमोहन अधिकारीका मजदुर सहयोद्धाहरूको सम्मान कार्यक्रममा भएको उपस्थिति उल्लेखनीय थियो। विभिन्न राजनैतिक पार्टी प्रतिनिधिहरू, मजदुर, जनसाधारण र इतिहासका पाताहरू खोल्दै हुनुहुन्थ्यो सम्मान कार्यक्रमका लागि उपस्थित ऐतिहासिक योद्धाहरू।

कार्यक्रमको शुरुवात भयो। प्रतिष्ठानका अध्यक्ष क. भरतमोहन अधिकारीको अध्यक्षतामा भएको उक्त कार्यक्रममा श्रद्धेय नेता मनमोहन अधिकारी तथा शहीद तुलाराम लामा ( जसको राणा सैनिकको गोली प्रहारबाट घटनास्थलमै मृत्यु भएको थियो) को फोटोमा प्रतिष्ठानका पदाधिकारी, आमन्त्रित अतिथिहरू तथा सम्मानित व्यक्तित्वहरूले फूल, अबिर सहित माल्यार्पण गर्नुभएको थियो। उक्त कार्यक्रममा विभिन्न महानुभावहरूको मन्तव्य पछि प्रतिष्ठानका अध्यक्ष भरतमोहन अधिकारी तथा सचिव ईश्वर पोखरेलले संयुक्त रूपमा अबिर, माला तथा दोसल्ला ओडाइयो। मनमोहन सहयोद्धा स्मारिका चिनो समेत प्रदान गरी क. मनमोहनका मजदुर सहयोद्धाहरूलाई सम्मान गरियो। त्यसरी सम्मनित हुनुहुनेहरूमा २४ जना जीवित हुनुहुन्थ्यो भने ८ जनाको परिवारलाई सम्मानित गरिएको थियो। सम्मानित व्यक्तिहरू हर्षका आँशु सहित अभिनन्दन ग्रहण गर्दै गरेको दृश्यले कार्यक्रममा भावुकता छाइरहेको थियो।

उक्त कार्यक्रममा प्रतिष्ठानका अध्यक्ष भरतमोहन अधिकारीले "तत्कालीन निरंकुश तथा एकतन्त्रीय जहानियाँ राणा शासन ढाल्ने ऐतिहासिक मजदुर आन्दोलनको अहिलेको राजनीतिलाई अझसम्म पनि प्रभाव पारिरहेको उल्लेख गर्नुहुँदै मनमोहन देशका एक साझा व्यक्तित्व र प्रजातान्त्रिक आन्दोलनका अग्रजनेता हुनुहन्थ्यो" भन्नुभयो। उहाँले वृद्धहरूको सम्मान, प्रेरणा र आशिर्वादबाट मुलुकको हित गर्न सकिने चर्चा संधैं गर्ने गरेको स्मरण गर्दै छोपिएर रहेका ऐतिहासिक तथ्यहरूलाई प्रतिष्ठानले उजागर गर्दै लैजाने कुरा बताउनु भयो।

प्रतिष्ठानका सचिव ईश्वर पोखरेलले वर्तमान विकृति र विसंगतिबाट मुक्ति पाउन अधिकारीको कार्यशैलीलाई अनुशरण गर्नु पर्ने बताउँदै उहाँले सिद्धान्तलाई व्यवहारिकतामा रूपान्तरित गर्नुपर्ने मान्यताका प्रतीक श्रद्धेय मनमोहनका सहयोद्धाहरूलाई सम्मान गर्न पाउँदा प्रतिष्ठान गौरवान्वित भएको कुरा बताउनु भयो। मनमोहनका विचार र योगदानहरूलाई चिरस्थायी बनाउन लागिपरेको बताउँदै प्रतिष्ठानले श्रद्धेय नेता अधिकारीको आदर्श र विचारलाई जिवन्त राख्न उहाँको राजनैतिक जीवनका संघर्षका गाथा तयार गर्ने कार्य भइरहेको जानकारी पनि पोखरेलले दिनुभयो।

कार्यक्रममा बोल्दै ने.क.पा. ( एमाले) केन्द्रीय सदस्य गुरु बरालले भन्नुभयो, "श्रद्धेय मनमोहन सामान्य व्यक्ति मात्र थिएनन्, उनी त आन्दोलनका प्रतीक थिए, यस अर्थमा मनमोहनप्रति श्रद्धा गर्नु भनेको मजदुर साथीहरूप्रति श्रद्धा गर्नु हो।"

कार्यक्रममा मन्तव्य राख्दै नेपाली काँग्रेसका गोपाल राजभण्डारीले "यस्तो कार्यक्रम राखेकोमा मनमोहन स्मृति प्रतिष्ठानलाई नेपाली कांग्रेस जिल्ला कार्य समितिको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु" भन्नु भयो। "मनमोहन स्मृति प्रतिष्ठान" ले निर्वाह गरेको भूमिका प्रति ने.क.पा. (एमाले) मोरंग जिल्ला कमिटीका नरेश पोखरेलले हार्दिक आभार प्रकट गर्नुभयो। ने.क.पा. ( मसाल) का मेघराज आचार्यले क. मनमोहन अधिकारीले पहिलो मजदुर आन्दोलनको नेतृत्व गर्नुभएको हड्ताली हाटमा उहाँका मजदुर सहयोद्धाहरूलाई सम्मान गर्ने कार्यक्रम आयोजना गरेकोमा आयोजकप्रति सम्मान व्यक्त गर्नुभयो। यसैगरी नेपाल सद्भावना पार्टीका हिरालाल शाहले मजदुर योद्धाहरूप्रति प्रतिष्ठानले दिएको सम्मानका लागि आभार प्रकट गर्नुभयो। बिराटनगर उप-महानगरपालिकाका प्रमुख रमेशचन्द्र पौडेलले मनमोहन अधिकारीको स्मृतिमा प्रतिष्ठानले उहाँका सहयोद्धाहरूलाई सम्मान गर्न लागेकोमा खुशी व्यक्त गर्दै उपस्थित सबैलाई स्वागत गर्नुभयो।

कार्यक्रम जिफण्टका योगिलाल यादव, प्रतिष्ठानका सदस्य किशेन्द्र शाह लगायत सम्मानित मजदुरहरूले पनि मन्तव्य राख्नुभएको थियो। राष्ट्रिय जन साँस्कृतिक मन्चका अध्यक्ष जे.वी टुहुरेले क. अधिकारीको संझनामा गीत गाउनुभएको थियो।

त्यसताका म श्री ३ जुद्ध हाइस्कुलमा ४।५ कक्षामा पढ्थें। मैले आफ्नै आँखाले देखेको पहिलो राजनीतिक घटना त्यही थियो। मनमोहन अधिकारी, विश्वेश्वर प्रसाद कोइराला, तारिणि प्रसाद कोइराला, गिरिजा प्रसाद कोइराला, युवराज अधिकारी जुलुसको नेतृत्व गर्दै रानीबाट बिराटनगरमा नारा लगाउँदै जुलुस आएको, हाम्रो स्कूलको प्रांगणमा आमसभा गरेको त्यहाँ उहाँहरूले बोलेको म अहिले पनि सम्झन्छु। बजारमा उहाँहरूले झोला थाप्दै आन्दोलनकारीहरूलाई रासन-पानी ख्वाउने किसिमले (चन्दा जम्मा गर्दै) हिंडेको पनि एउटा बालक मस्तिष्कले संझेको/ देखेको जति सम्झन्छु।

राजनीतिमा लागेपछि त्यो २००३ सालको मजदुर आन्दोलन नेपालको पहिलो संगठित मजदुर आन्दोलन हो भन्ने बुझें। जसले नेपालमा मजदुर आन्दोलनको श्री गणेश गऱ्यो, संगसंगै देशमा संगठित रूपमा राजनीतिलाई नै प्रभावित गर्ने खालको ठूलो आन्दोलन हो। त्यो आन्दोलन कति महत्वपूर्ण छ भने आज पचासौं वर्षपछि पनि त्यसले प्रभाव पारि नै रहेको छ। २००३ सालको त्यो घटनाले नेपालमा कम्युनिस्ट पार्टी- एउटा राजनीतिक धाराको पनि श्री गणेश गरिदियो।

२००३ सालको मजदुर आन्दोलनमा बीपी, तारिणी, गिरिजा आदि देखिए तापनि वास्तविक नेता चाहिं मनमोहनजी नै हो। त्यसको कारण उहाँ यहाँ आउनु अगाडि इण्डियामा नै कम्युनिस्ट भइसक्नुभएको थियो। उहाँले इण्डियाको विद्यार्थी र ट्रेड यूनियनमा काम गर्ने अनुभव प्राप्त गरिसक्नु भएको थियो। त्यसले गर्दाखेरी मजदुर बीच उहाँ चर्चित हुनुहुन्थ्यो। जहाँ पनि “मोहन बाबु”। भने पछि अत्यन्तै लोकप्रिय नाम थियो। उहाँको मील्स एरियामा मजदुर बीच एकदमै ठूलो शाख थियो।

हाम्रो पार्टी एमालेले मनमोहनजी बित्नु भएपछि उहाँको स्मरणलाई चिरस्थायी बनाउन एउटा प्रतिष्ठान बनायो। मनमोहन स्मृति प्रतिष्ठान, त्यसमा म, क. ईश्वर आदि छौं। त्यो प्रतिष्ठानका सामु केही दायित्व थियो- मनमोहनजीको कामलाई निरन्तरता दिने। ती मध्ये उहाँले आफ्नो प्रधानमन्त्री कालमा वृद्धहरूलाई सम्मान गर्ने किसिमले जेष्ठ नागरिक भत्ता दिनुभयो। त्यसलाई हामीले निरन्तरता दिनको लागि अहिले जेष्ठ नागरिक देश दर्शन कार्यक्रम चलाएका छौं।


क. भरतमोहन अधिकारी
अध्यक्ष, मनमोहन स्मृति प्रतिष्ठान

नेपालको राजनीतिमा मनमोहनजीको प्रवेश नै मजदुर आन्दोलनबाट भएको छ। २००३ सालको आन्दोलनसंग मनमोहनजीको व्यक्तित्व जोडिएको छ। उहाँका सहयोद्धाहरू ( मध्ये केही) अहिले पनि जीवितै हुनुहुन्छ। अर्कातिर २००३ सालको मजदुर आन्दोलनको राजनीतिक महत्वको सही मूल्यांकन भइसकेको छैन। त्यसैले हामीले निर्णय गऱ्यौं- मनमोहनजीका ३ सालका जिवित सहयोद्धाहरूलाई सम्मान गरौं। वितिसक्नुभएकाहरूका परिवारलाई डाकेर मरणोप्रान्त सम्मान गरौं। यो सम्मान भनेको मजदुर आन्दोलन स्वयंको पनि सम्मान हो। हामी त्यो आन्दोलनलाई स्मरण गर्न चाहन्छौं र नयाँ पिढींलाई यो कुरा संझाउन पनि चाहन्छौं।

(यसै सिलसिलामा) हडताली हाटको मंचलाई हामी प्रतिष्ठानको तर्फबाट जिर्णोद्धार गर्दै छौं। र, यसको नाम मजदुर मञ्च राखियोस् भनी नगरपालिकालाई अनुरोध पनि गरेका छौं। २००३ सालको मजदुर आन्दोलनको स्मरण गर्नको लागि त्यही क्षेत्र भित्र उपयुक्त थलोमा एउटा मजदुर स्तम्भ खडा गर्ने प्रस्ताव गरेका छौं। त्यो निर्माणको लागि नगरपालिकासंग मनमोहन स्मृति प्रतिष्ठानबाट सकिने योगदान गर्ने पनि बताएका छौं।

### सम्मानितहरुको नाम

मुन्नीलाल चौधरी
चमेली लाल श्रेष्ठ
राम प्रसाद उपाध्याय
पंचानन दास
के.बि. कार्की
बंशीधरलाल दास
रघुनाथ प्र. गुप्ता
चित्रलाल प्रधान
बैजनाथ शाह
बलराम राई
नारायण शाह
बैजनाथ चौधरी
आशालाल महर्जन
रामदास चौधरी
चन्द्र बहादुर मगराँती
गंगा बहादुर क्षेत्री
बाला तामाङ्ग
महेन्द्र चौधरी
नर बहादुर लिम्बु
मनमाया राई
गिरिजा प्रसाद कोइराला
नर बहादुर कर्माचार्य

### मृत्यु पछि सम्मानितहरु


नन्दा देवी नेपाल


नैनलाल बोहरा


महेश प्र. उपाध्याय


दिनेश दुवे

विश्वनाथ गुप्ता
रण कुमार लामा
हरिहर उपाध्याय
बालु सरदार चौधरी
गोरमणी सिंह
अयोध्या प्रसाद सिंह
हजारी पासवान
मुखलाल पासवान
मान बहादुर लामा
धन बहादुर तामाङ्ग
सन्ध्या देवी
राधा देवी
बि.बि. राई

### अझै खोजी गर्नु छ यी मृतक सहयोद्धाहरूका परिवार

बिरु प्रसाद दास
इस्लाम सरदार
जौहर सरदार
रघुनाथ सरदार
अब्बास सरदार

शहीद तुलाराम लामा : तात्कालिन राणा सैनिकको गोलीले घटनास्थल मै मृत्यु भएको।

# के गर्दैछन् मनमोहनका सहयोद्धा मजदुरहरू?

– वेदुराम भुसाल

कमरेड मनमोहन अधिकारी संगसंगै मजदुर आन्दोलनमा सरिक भएर महत्वपूर्ण योगदान गर्नुहुने मजदुर योद्धाहरूलाई २०५७ माघ १४ गतेका दिन मनमोहन स्मृति प्रतिष्ठानको तर्फबाट अभिनन्दन गरिएको थियो ।

इतिहासप्रति अभिरुचि राख्ने एक व्यक्तिको हिसाबले म त्यस समारोहमा उपस्थित भएको थिएँ र त्यस समारोहमा उपस्थित सबै अभिनन्दित मजदुर योद्धाहरू र कतिपय त्यहाँ अनुपस्थित धरान र इटहरीका योद्धाहरूसंग समेत भेट गरी कुराकानी गरेको थिएँ । त्यस क्रममा जम्मा ३४ जना व्यक्तिहरूसंग कुराकानी भएको थियो । ती सबैको बारेमा यो सानो लेखमा राख्न सम्भव नहुने भएकाले खास गरी कमरेड मनमोहनका मजदुर सहयोद्धाहरूमध्ये पनि केही प्रमुख व्यक्तिहरू हाल के गर्दै हुनुहुन्छ, तल प्रस्तुत छ-

**रघुनाथ प्रसाद गुप्ताः**



बिराटनगर जुट मीलमा कार्यरत मजदुर बीच गोप्य रुपमा गठित कम्युनिस्ट पार्टीको सेलको समेत सदस्य रहेका रघुनाथ अहिले ७१ वर्षका भएका छन् र मीलबाट अवकाश लिइसकेका छन् । श्रीमती तीन छोरा र एक छोरी भएका गुप्ता अहिले बिराटनगर उपमहानगर पालिकाको वडा नं. १२ मा सामान्य घरायसी जीवन बिताइरहेका छन् । मजदुरहरूले अहिले पनि राम्रो सुविधा पाएका छैनन् भन्ने उनको गुनासो छ ।

**वंशिधरलाल दासः**



विश्वेश्वर प्रसाद कोइराला गृहमन्त्री भएर बिराटनगर जाँदा "मजदुरको निम्ति केही नगरेको" भनी कालो झण्डा देखाएर हावाकावा पार्ने वंशीधर अहिले ७२ वर्षका भएका छन् र भारतको जोगवनीमा अत्यन्त दयनीय जीवन बिताइरहेका छन् । उनकी श्रीमतीको देहावसान भइसकेको छ । उनीसंग अहिले २ छोरा ३ छोरी छन् ।

**चमेलीलाल प्रधानः**

२००७ सालमा "रोजी, रोटी, धोती पाउँ, हाम्रो नेता छोडि पाउँ ।" भन्ने नारा लगाउँदै जुलुस निकाल्दा कालिका प्रसाद भन्ने कांग्रेसीले नरबहादुर कर्माचार्यलाई पक्रेर मार्क थ्री राइफलले धकेल्दै लगेको देखेपछि मनमोहनले थुनिएको कोठाभित्रैबाट कालिका प्रसादलाई चिच्याएर बोलाई झ्यालका डण्डीबाट हात निकालेर थप्पड लगाएको घटनालाई मनमोहनको क्रान्तिकारी साहसका रुपमा चर्चा गर्ने चमेलीलाल अहिले ७८ वर्षका भएका छन् । उनकी श्रमितीको मृत्यु भइसकेको । २ छोरा र २ छोरीका पिता चमेलीलाल हाल बिराटनगर उपमहानगर पालिकाको वडा नं. १७ मा सामान्य जीवन बिताउँदै छन् ।

**पंचानन दास**



००७ सालमा बिराटनगर कब्जा गर्ने उद्देश्यले चेनवाल ट्याक्टरलाई टेंकमा बदल्ने पंचानन अहिले ७५ वर्षका भएका छन् र भारतको जोगवनीमा सामान्य जीवन बिताइरहेका छन् उनका श्रीमती, ४ छोरा र ३ छोरी छन् । स्वास्थ्य त्यति राम्रो छैन ।

**रामदास चौधरी**



कमरेड मनमोहनले मजदुरहरूका झुप्राझुप्रामा बसेर क्लास दिने गरेको, मजदुरले जे खान्छन् श्रद्धापूर्वक त्यही खाने गरेको, सामान्य कपडा लगाउने गरेकोलाई आदर्श मान्ने श्रीमती, १ छोरा र ४ छोरी भएका ६८ वर्षिय रामदासले ४९ वर्षसम्म बिराटनगर जुट मीलमा काम गरी अवकाश लिएका छन् । अहिले बिराटनगर वडा नं. २१ मा सामान्य जीवन बिताउँछन् ।

**मुन्निलाल चौधरी**



वि पी कोइराला प्रधानमन्त्री भएर हड्ताली हाटमा भाषण गर्दा मजदुरका मागको पर्चा देखाउँदै "यी मागको बारेमा तिमीले के गर्‍यौ?" भनी औंला ठडाएर प्रश्न गर्ने मुन्निलाल अहिले ८२ वर्षका भएका छन् । काम गर्न सक्तैनन् । उनका सन्तान पनि छैनन् । श्रीमती र एउटा धर्मपुत्रका साथ अत्यन्त विपन्न जीवन बिताइरहेका छन् । त्यत्रो ऐतिहासिक आन्दोलनको योद्धाका बारेमा केही पनि नगरिएकोमा सबै मजदुर योद्धाहरूको सरकारसंग ठूलो गुनासो रहेको छ ।

**चन्द्र बहादुर मंग्राती**



२००३ सालको मजदुर आन्दोलनमा सक्रिय रहेका र बिराटनगरमा खुकुरी दलको प्रवेश रोक्न ज्यान छोडेर लागेका मंग्राती मोरङ कटन मीलमा ६ वर्ष, रघुपति जुट मीलमा २० वर्ष र अशोक टेक्सटाइलमा ८ वर्ष गरी जम्मा ३४ वर्ष मजदुरी गरेर अवकाश लिएका छन् । राजनीतिमा लागेको कारणले विवाह पनि नगरेको बताउँछन् र हाल बिराटनगर-२० मा एक्लो जीवन बिताइरहेका छन् ।

**के. बी. कार्की**



शुरुमा जुद्ध मैच फैक्ट्रीमा र पछि रघुपति जुट मीलमा लामो समय मजदुरी गरेका कार्कीका दुइ श्रीमती, दुइ छोरा र तीन छोरी छन् । कमजोर आर्थिक अवस्थाका कार्की अहिले ७३ वर्षका भएका छन् र बिराटनगर २२ मा सामान्य जीवन बिताइरहेका छन् ।

**चित्रलाल प्रधान**



जनमुक्ति सेनामा काम गरेका हाल ७० वर्ष पुगेका चित्रलालको आर्थिक अवस्था कमजोर छ । अहिले उनी बिराटनगर -२० मा दुःखपूर्ण जीवन बिताइरहेका छन्, साथमा श्रीमती र छ छोरा छन् ।

**बलराम राई**



आन्दोलनको वेला स्वयंसेवक कमाण्डर काम गरेका र हाल ६९ वसन्त पार गरिसकेका राई अहिले सानो ग्रिल उद्योग चलाउँछन् र बिराटनगर -२ मा सामान्य जीवन बिताउँछन् । यिनका श्रीमती, ५ छोरा र २ छोरी छन् ।

**बाला तामाङ**



००५ सालपछिका मजदुर आन्दोलनमा सक्रिय सहभागी भई आन्दोलनको क्रममा ७ दिन जेलमा समेत परेका ६५ वर्षिय तामाङका श्रीमती, २ छोरा र ३ छोरी छन् । उनले मजदुरीबाट अवकाश लिइसकेका छन् र हाल बिराटनगर-२० मा सामान्य जीवन बिताइरहेका छन् ।



**महेन्द्र चौधरी**

आन्दोलनमा भोलिनिटयरको काम गरेको बताउँछने चौधरी अहिले ६९ वर्षका भएका छन् । र बिराटनगर -१९ मा अवकाश प्राप्त जीवन बिताइरहेका छन् । यिनका श्रीमती, ३ छोरी र ४ छोरा छन् ।

**रामप्रसाद उपाध्याय**



आन्दोलनमा भोलिन्टियर भई आन्दोलन र क्रान्तिमा लागेको बताउँछने उपाध्याय हाल ७५ वर्षका भएका छन् । तर अझै पनि काम गर्ने जाँगर छ भन्दै वेरोजगार भएकोमा दुखमनाउ गर्छन् । यिनका श्रीमती र ४ छोरा छन् अहिले बिराटनगर - १७ मा बस्दछन् ।

**गंगा बहादुर क्षेत्री**

६७ वर्ष पुगेका गंगा बहादुर अहिले पनि रघुपति जुट मीलको कारखाना मेनेजर छन् । उनका श्रीमती, २ छोरा र ३ छोरी छन् । हाल उनी बिराटनगर-१२ मील्स एरिया स्थित रघुपति जुट मीलमै बस्छन् ।

**नारायण शाह**

आन्दोलनमा भोलिनिटयर रहेका श्रीमती र २ छोरा सहित बिराटनगर -२ मा बस्ने शाहको आर्थिक अवस्था अत्यन्त कमजोर छ । उनी ६९ वर्षका भएका छन् र मजदुरीबाट अवकाश लिइसकेका छन् ।

**वैजनाथ चौधरी**


भारतको कलकत्तामा जन्मी बिराटनगरको गणपति जुट मीलमा आएर मजदुर बनेका वैजनाथ चौधरी २००३ सालको मजदुर आन्दोलनका सक्रिय सहभागी थिए । अहिले यिनी ७१ वर्षका भएका छन् र मजदुरीबाट अवकास लिई बिराटनगर-१९ मा निम्न मध्यम वर्गीय जीवन बिताइरहेका छन् । यिनका श्रीमती, २ छोरी र १ छोरा छन् ।

**आशालाल महर्जन**

जुद्ध मैच फैक्ट्रीको ड्राइभर रहेका आशालाल महर्जन पनि मजदुर आन्दोलनका सक्रिय सहभागी हुन् यिनी अहिले ६९ वर्षका भएका छन् र मजदुरीबाट अवकास लिई बिराटनगर २० मा सामान्य जीवन बिताइरहेका छन् । यिनका श्रीमती, ४ छोरी र १ छोरा छन् ।

**वैजनाथ शाह**

बिराटनगरको वर्तमान वडा नं. १९ मा जन्मेका २००३ सालको आन्दोलनमा सक्रिय ६७ वर्षका शाह अहिले पनि सोनापुर जुट मीलमा मजदुरी गर्छन् । हाल बिराटनगर-१९ मा बस्ने शाहका श्रीमती र १ छोरा छन् ।



# पेरिस कम्युन १३० वर्षपछि संझदा

अहिले हामी सन् २००१ को मार्च महिना पार गर्दै छौं। श्रमजीवी वर्गको लागि मार्च १८ ले विशेष महत्व राख्छ। आज भन्दा १३० वर्ष पहिले प्रान्सको राजधानी पेरिसमा मजदुरहरूले पहिलो मजदुर-राज्य स्थापना गरेका थिए, जुन पेरिस कम्युनको नामले प्रसिद्ध छ। ९० दिन सम्म टिकेको पेरिस कम्युनको पाठकको संभनाका लागि तल चित्रमय जानकारी  प्रस्तुत छ।





१. बटालियन ११७ लेखिएको पेरिस कम्युनको झण्डा।
२. मार्च १८, १८७१ का दिन पेरिस (फ्रान्स) का सर्वहारा तथा श्रमजीवी जनताले सशस्त्र विद्रोह गरे र प्रतिक्रियावादी सेनालाई पूर्णत पराजित गरिदिए।
३. पेरिस कम्युन १ - मानव इतिहासमा पहिलो पल्ट स्थापित सर्वहारा वर्गीय क्रान्तिकारी राजनीतिक सत्ता। चोकलाई नै हल्लाउने गरी आँधीमय उल्लास र नारावाजी बीच घोषणा गरियो।- कम्युन, जिन्दावाद
४. पेरिस कम्युनको निर्वाचनको घोष्णा। यसको कार्यकारी कमिटी मूलतः मजदुर तथा श्रमजीवी जनताका प्रतिनिधिबाट बनाइयो।
५. श्रमजीवी जनताको जीवनस्तरमा सुधार गर्न र पुरानो राज्यसंयन्त्र ध्वस्त पार्न पेरिस कम्युनको स्थापना पछि विभिन्न कानूनको निर्माण गरियो।
६. लुइ एजेन भार्लिन, पेरिस कम्युनका एक जना नेता - अन्तरराष्ट्रिय मजदुर संघका सदस्य थिए। उनी पेरिसमा बुक-बाइन्डर थिए। कम्यन जोगाउने लडाइमा बहादुरीका लड्दा लड्दै उनले वीरगति प्राप्त गरे।
७. जारोस्लाभ दोम्ब्रोस्की, पोलिस क्रान्तिकारी - पेरिस कम्युनको सशस्त्र सेनाका एक जना नेता थिए। पेरिस कम्युनको रक्षाको लागि लड्दा लड्दै उनले आफूलाई बलिदान गरे।
८. पेरिस कम्युनका लडाकुहरू कम्युनको रक्षाको लागि ब्यारिकेड खडा गर्दै।
९. पेरिस कम्युनका महिला लडाकुहरू कम्युनको रक्षाको लागि संघर्ष गर्दै
१० सर्वहारा अन्तरराष्ट्रियवादको झण्डा उँचो गर्दै पेरिस कम्युनले नेपोलियनको सैन्यवादी प्रतीक "भिक्टोरी कोलम" लाई नष्ट गरी नयाँ नामाकरण गऱ्यो "अन्तरराष्ट्रिय चोक"
११. लुई मिचेल, पेरिस कम्युनको एक वीरंगना। शत्रुको चरम दमनबाट पनि उनले घुँडा टेकिनन्। प्रतिक्रियावादीको अदालतमा उनले न्यायाधिशसंग भनिन्- "तिमीहरूले मलाई जिउँदै छोड्यौ भने चिच्याई चिच्याई बदला लिनको जनतालाई जगाउनेछु" अन्त्यमा उनलाई न्यू क्यालेडोनिया टापुमा कडा श्रम गर्ने गरी निर्वासित गरियो।
१२. शत्रुसंगको घमासान युद्धमा कम्युनको अन्तिम टुकडी यो पर्खाल नजिकको लडाइमा वीरगति प्राप्त गरे। त्यो समय देखि क्रान्तिकारी जनताले यो पर्खालको नाम "कम्युनार्डहरूको पर्खाल" राखेका छन्।
१३. पेरिस कम्युनको पतन पछि कम्युन सैनिकको विधानले आफ्ना केटाकेटीलाई "वर्ग घृणा कहिल्यै नभुल्नु" भनी कम्युनार्डहरूको पर्खाललाई देखाउँदै छिन्।



# आज जंगलमा भेटिने बाँदरहरू नै हाम्रा पुर्खा हुन त ?



मुकुन्द न्यौपाने

एकपल्ट लेनिन ग्राद नजिकै रहेको कोल्तुभो गाउँमा महान वैज्ञानिक इभान पेत्रोबिच पालेभको प्रयोगशालामा रोजा र राफाएल नामका दुई चिम्पान्जी ल्याइएछन्। ती दुई चिम्पान्जीहरूलाई अति नै सत्कार गरिने पाहुनालाई जस्तै सिंगो घर, खाने कुरा खाट आदि राखेर तिनीहरूका गतिविधिमाथि निरिक्षण गरिएछ। उनीहरूले केही कुरा मानिसको जस्तै गरेर देखाएछन्। तर पनि उनीहरू मानिस जस्तो हुन सकेनन्। वास्तवमा नै के चिम्पान्जीलाई मानिस बनाउन सकिन्छ? यस सम्बन्धमा एक जमानाका रुसका प्रशिद्ध जन्तु-शाधक वालदुरामको कल्पना र प्रयत्नलाई उदाहरणको रूपमा लिन सकिन्छ। उनले आफ्नो जन्तुशालामा एउटा चिम्पान्जीलाई ल्याए। त्यसको नाम मिसुस राखे। मिसुसलाई उनले खुब शिक्षादीक्षा दिने कोसिस गरे। मिसुस जेहेन्दार शिष्य साबित भयो। उसले चम्चाको प्रयोग गर्‍यो, रुमाल बाँध्न, कुर्सीमा बस्न, टेबुलपोसमा एक थोपा पनि पानी खस्न नदिई सुप खान, अझ कहाँसम्म भने हिउँ परेको भिरालोमा स्केटीङ्ग खेल्न समेत सिक्यो। तर पनि ऊ मान्छे बन्न सकेन।

मान्छेको गिदीको कार्यबारेमा कैयौं वर्ष सम्म अनुसन्धान गर्ने इभान पेत्रोबिचले रोजा र राफायलको बानी व्यहोराको ठूलो रुचिका साथ निरिक्षण गरेका थिए। तिनीहरूको चालामालाको अध्ययन गर्न उनी कहिले घन्टौं सम्म बाँदर घरमा रहन्थे। उनकै भनाइमा "तर उनीहरूको चालामाला चाहिं ज्यादै निरर्थक र अनियमित हुन्थ्यो। एउटा काम टुंग्याउन नपाउँदै अर्को काममा हात हाल्दथे।"

यी माथिका उदाहरणहरू गम्भीर खोजीका विषय हुन्, आखिर लामो प्रयासपछि पनि ती चिम्पान्जीहरू मानिस बन्न सकेनन्। मानिसको जस्तो व्यवहार गर्न पनि सकेनन्। केही केही कुरामा उनीहरूले मान्छेको नक्कल चाहिं गरे। यो असफलताको कारण चाहिं के होला त?

वास्तवमा जुन चिम्पान्जीहरूलाई तालिम दिइयो, ती आजका मानिसका पुर्खा होइनन्। आज जंगलमा जुन जातका बाँदरहरू हामी देख्छौं यी कुनै पनि जातका बाँदरका बथानमा हाम्रा पुर्खा बाँदरका जातिहरू पाइँदैनन्। एंगेल्सले भनेका छन् "मानवभाव बानरको विशेष रूपबाट अति विकसित जाति, जसबाट मानिसमा रूपान्तरित भयो। त्यो न त अब कुनै जंगलमा छ, न चिडियाखानामा। त्यो त आधुनिक मानव बनेर आज संसारको र प्रकृतिको पनि मालिक बनेको छ। अब ऊ न त फर्केर जंगलको बानरतिर जान सक्छ, न त आजको अविकसित जातको जंगलको बानर कहिल्यै मानिस बन्न सक्छ। यी दुवैका प्रक्रिया र जीवनका पद्धतिहरू नै फरक फरक छन्।"

दोस्रो कुरा न त हाम्रो पुर्खालाई कसैले तालिम दिए, न त त्यसवेला यस्ता पशुशाला नै थिए। बरु आज तालिम दिने वैज्ञानिकहरूका पुर्खाहरू नै यस्तै अविकसित थिए र भर्खरै रुखबाट तल झर्न सिक्तै थिए।

त्यसो भए उनीहरू आजको जस्तो शक्तिशाली अवस्थामा कसरी आए त? यो प्रश्नका पनि उत्तर फरक फरक हुन सक्छन्। एउटा धर्मभिरु पण्डित पुजारी वा रुढीवादी व्यक्तिलाई तपाईंले यो प्रश्न सोध्नुभयो भने उसले सबै कुरा भगवानको जिम्मा लगाउनेछन्। अनि ब्रम्हा रूपदेखि कलंकि रूपसम्मका अवतारहरूलाई अगाडि सार्नेछन्। तर एउटा वैज्ञानिक दृष्टिकोण राखेर वास्ताविकतालाई केलायौं भने हामीले अर्कै कुरा फेला पार्नेछौं।

वनमा बस्ने हाम्रो पुर्खा एक दिन या एक महिना वा वर्ष दिनमा बाहिर निस्केको होइन। उसलाई रुखबाट भुईंमा झर्न नै हजारौं वर्ष लाग्यो भने भुईंबाट रुख चढ्न त झन लाखौं वर्षको समय व्यतित भयो। त्यसै गरी उसले आफूलाई स्वतन्त्र बनाउनको लागि पनि लाखौं वर्ष पार गर्‍यो। यो लाखौं वर्षको प्रयत्नपछि मात्र उसले वनलाई छोड्यो र मैदानलाई आफ्नो आश्रय थलो बनायो। जीविकाको लागि जंगलको बसाइभन्दा फाँटको बसाईलाई उसले आफ्नो अनुकूल बनायो।

यसको लागि उसले रुखबाट ओर्ल्यो। जमीनमा हिंड्न सिक्यो। आफ्ना हातहरूलाई परिस्कृत गर्न सिक्यो। यो त्यति सजिलो कुरो थिएन। हामीले झट्ट हेर्दा यो अति सामान्य लाग्न सक्छ तर लाखौं वर्ष रुखमा सुरक्षित बसेको प्राणीलाई मैदानमा दुई खुट्टाले हिंड्नु सजिलो थिएन।

आजको बालकलाई मान्छेजस्तो दुई खुट्टाले टेकेर हिंड्न एक वर्षको अभ्यास सामान्यतया चाहिन्छ। तर यति नै कुरा गर्न पनि त्यो वेला मानिसले हजारौं वर्ष पार गरेको थियो। हाम्रो पुर्खा जति वेला वनबाट बाहिर मैदानमा आयो, उसले त्यो वेलासम्म गोडाको भन्दा हातको बढी उपयोग गर्न थालिसकेको थियो। भोजन जुटाउने र आश्रय स्थलहरूको निर्माण गर्ने काम ऊ हातले गर्थ्यो। उसले सामान्यतया फलफूलहरू टिप्ने लाठीहरूको प्रयोग गर्ने, फलफूल झार्न र वैरीलाई प्रहार गर्न ढुंगाहरूको प्रयोग गर्ने काममा हातको उपयोगलाई बढाउँदै लग्यो। यसरी हातमा भएका लाठी र ढुंगाहरू पनि उसका थप हातहरू जस्तै प्रयोग भएर उसमा थप बल प्रदान गरे। यिनै औजारको मद्दतले उसले आफ्नो जीवनलाई सुरक्षित बनाउँदै लग्यो र श्रमलाई पनि परिष्कृत गर्दै गयो।

"यसरी मान्छेले नयाँ तरिकाले बारम्बार भोजन जुटाउन थाल्यो काममा हात जति बढी व्यस्त रहन्थे त्यसै अनुसार अकसर गोडाकै भरमा हिंड्नु पनि अनिवार्य हुन्थ्यो। यसरी हातले गोडाहरूलाई हिंड्न विवस तुल्यायो भने गोडाले चाँडो कामको निम्ति हातलाई फुक्का गरिदियो।"

यो वैज्ञानिक दृष्टिकोणको आधारमा हामीले मानव जीवनको इतिहासको अध्ययन गर्ने हो भने हामी मानिसका हात र खुट्टाको कति गहिरो सम्बन्ध छ भन्ने कुरा थाहा पाउँछौं। जुन अन्य प्राणीहरूमा पाउन सकिंदैन। हो, चिम्पान्जी र वानरहरूले केही मात्रामा ( खास गरी खानमा) हातको प्रयोग गर्छन् तर हिंड्नमा उनीहरूको खुट्टाले हातलाई मुक्त हुन मद्दत गर्दैन। बरु उनीहरूको हात पनि खुट्टाभन्दा पहिले नै टेक्नको लागि प्रयोग गरिन्छ।

यसरी वानरबाट मानिसमा रूपान्तरण हुने क्रममा मानिसले आफूलाई जतिखेर निरन्तर बदल्दै थियो र विस्तारै औजारको प्रयोग गर्ने दिशातिर अगाडि बढ्दै थियो यसै अवस्थामा पृथ्वीको हावा पानीमा पनि बदलाव आइरहेको थियो। "हाम्रो जंगली पुर्खा जुन ठाउँमा बस्थ्यो त्यहाँ अक्सर राती चिसो हुन्थ्यो भने हिउँदमा त झन् जाडो बढ्थ्यो।"

"निसन्देह जीवजन्तुहरू चराचुरुंगीहरू परिवर्तित हुन्छन्, संसारमा कुनै चिज पनि अपरिवर्तनीय रहँदैन। परन्तु तिनीहरूको लागि परिवर्तन हुन त्यति सजिलो हुँदैन। नंग पन्जादार वनैया जन्तु घोडामा परिवर्तन हुनुभन्दा पहिले करोडौं वर्ष बितेको थियो। हरेक बच्चा आफ्नो आमाबाबुभन्दा उति भिन्न हुँदैन। पहिलेको भन्दा एकदमै नयाँ नस्लको लागि हजारौं पुस्ता पार गर्नु पर्ने हुन्छ।"

अनि हाम्रो पुर्खा नि? "हाम्रो पुर्खाले आफ्नो सबै वानीव्यहोराहरू र आदतहरू फेर्न नभ्याउँदो हो त अझ खासै अर्थमा भन्ने हो भने रुखबाट तल ओर्लेर लाठी र ढुंगाको प्रयोग गर्न नसिक्दो हो त ऊ पनि रुखमा बस्ने चिम्पान्जी र वानरहरूको साथसाथै दक्षिणतिर बसाई सर्न विवस हुने थियो।"

"जुन कठिन समय शुरु भएको थियो, त्यसले वानर जस्तो देखिने हाम्रो पुर्खालाई विनास गर्न सकेन। न त दक्षिणतिर सर्दै गएको वनजंगललाई पछ्याउन नै विवस तुल्यायो। बरु मान्छेमा परिणत हुने उसको प्रयासलाई नै तीव्र तुल्याई दियो।"

"ठूलो आकार र भारी ओजनका जन्तुहरूलाई रुखमा जीवन बिताउन गाह्रो थियो। चाहेर होस् या न चाहेरै किन नहोस् यी ढेडु वानरहरूले रुखबाट जमीनमा ओर्लन करै लाग्यो। उदाहरणको लागि गेरिल्ला वानर आज पनि रुखको तल्लो तल्लामा बस्तछ।" तर आज त्यही रुखबाट तल ओर्लेको हाम्रो आधुनिक मान्छे विशाल गगन चुम्बी महल निर्माण गर्दैछ र माथिल्लो तल्ला खोज्दै छ। यसको लागि ऊ श्रमप्रति सदा सदाको लागि आभारी छ।


**नेपाल यातायात स्वतन्त्र मजदुर संगठनको सातौं लुम्बिनी अंचल अधिवेशन तथा नवनिर्मित मजदुर भवनको समुद्घाटन निम्न मिति, समय र स्थानमा केन्द्रीय अध्यक्ष श्री उद्धव केसीज्यूबाट हुने कार्यक्रमलाई भव्यताका साथ सफल पारौं।**



**कार्यक्रम**

**मिति : २०५७ चैत्र १८ गते शनिवार**

**समय : बिहान ८ बजे**

**स्थान : संगठनको प्रांगण, बुटवल बसपार्क।**

**राजेन्द्र रिजाल**

**अध्यक्ष नेपाल यातायात स्वतन्त्र मजदुर संगठन**

**लुम्बिनी अञ्चल कार्य समिति, बुटवल**

# लिंगिय दुरुत्साहन र कार्यथलो

– विन्दा पाण्डे

कसैसंग पनि अनिच्छित रूपमा गरिने असहज व्यवहार, बोली वा हाउभाउलाई दुरुत्साहन भनिन्छ। सामान्यतया यस्तो व्यवहार उसलाई सताउने वा हैरानी दिने मनसाय राखेर गरिन्छ। श्रम क्षेत्रमा हेर्दा यस्तो हैरानी दुई किसिमका हुन्छन्। एउटा यूनियन कार्यकर्ता भएको वा अन्य कारणले हुने, जसलाई दुरुत्साहन मात्रै भनिन्छ। यस्तो खालको दुरुत्साहन व्यवस्थापनले श्रमिकहरूलाई वा एउटा श्रमिकले अर्को श्रमिकलाई सताउने हिसावले गरेको पाइन्छ।


अर्को यौनजन्य कुभावना राखेर गरिने दुरुत्साहन, जसलाई लिङ्गीय दुरुत्साहन भनिन्छ। यस्तो दुरुत्साहन पुरुषवाट महिला वा महिलावाट पुरुष, दुवैमाथि हुन सक्छ। तर, हाम्रो जस्तो पुरुष प्रधानता रहेको समाजमा भने लिङ्गीय दुरुत्साहन भन्ने वित्तिकै महिलामाथि हुने वा भएको दुरुत्साहन भन्ने बुझिन्छ। कार्यथलोमा सामान्यतया माथिल्लो पोस्टमा हुने जस्तो व्यवस्थापक, सुपरभाइजर वा श्रमिकले तल्लो तहमा कार्यरत श्रमिकमाथि यस्तो व्यवहार गर्ने गर्दछन्। कहिलेकाहीं यस्ता व्यवहार संगै काम गर्ने श्रमिकवाट वा यूनियन नेता कार्यकर्ता र सदस्यवाट समेत पनि हुन सक्दछ।

दुरुत्साहन शारीरिक, शाव्दिक र अशाब्दिक कुनै पनि किसिमवाट हुन सक्छ। शारीरिक दुरुत्साहन भन्नाले शरीरमा छोएर कसैलाई पनि असहज बनाइने व्यवहार भन्ने बुझिन्छ। यो हिंस्रकमा बलात्कारदेखि अन्यमा बाटो छेक्ने, अंगालो हाल्ने, पछि लाग्ने, चिमट्ने, धकेल्ने, असहज हुने गरी लामो समयसम्म हात मिलाइरहने आदि यस किसिमको दुरुत्साहनका उदाहरणका रूपमा लिन सकिन्छ। यस्ता दुरुत्साहन प्रायः उच्च तहकाहरूबाट व्यक्तिहरूवाट हुने गर्दछ।

यौनजन्य भावना राखेर शव्द प्रयोग गरेर कसैलाई पनि असहज बनाइन्छ भने त्यसलाई शाव्दिक रूपमा गरिएको लिङ्गीय दुरुत्साहन भनिन्छ। फोहोर शव्दको प्रयोग गर्ने, फोहोर जोक भन्ने, जिस्काउने, अनावश्यक शव्दहरू जस्तै कति राम्रो, चिटिक्क जस्ता शव्दहरूको प्रयोगवाट यस प्रकारको दुरुत्साहन हुनसक्दछ। यस्तो खालको दुरुत्साहन प्रायः काम गर्ने ठाउँ र हिंड्ने बाटोमा लफङ्गा प्रवृत्तिका मानिसहरूबाट धेरै हुने गर्दछ।

शारीरिक रूपमा परै रहने, मुखबाट कुनै शव्द ननिकाल्ने तर गराई वा हाउभाउबाट असहज स्थिती बनाउनेलाई अशाव्दिक रूपमा गरिएको दुरुत्साहन भनिन्छ। फोहोर चित्रहरू देखाउने, जिब्रो पड्काउने, आँखा झिम्क्याउने, हाउभाउ गर्ने जस्ता कुकार्यहरू यस अन्तरगत पर्दछन्।

दुरुत्साहनले मानिसलाई धेरै प्रकारले असर गर्दछ। यसले उनीहरूको भावना, मानसिकता, मनोविज्ञान र शारीरिक रूपमा नराम्रो क्षति पनि पुऱ्याउन सक्दछ।



दुरुत्साहनका कारणले मानिसहरू बढी रिसाउने, झर्कने, डराउने, त्रसित हुने जस्ता भावनात्मक असर देखिन्छ भने कहिलेकाही आफैलाई दोषी देख्ने, कमजोर भएको अनुभुत गर्ने, आफैमा अष्पस्ट हुने टोलाउने र आत्मविश्वास हराउँदै जाने हुन्छ र दोधारमा पर्ने गर्दछन्। भावनामा परेको यो चोटको कारण उनीहरू निराश र हतास हुन्छन्। परिणाम कहिलेकाहीं साह्रै नराम्रो पनि हुन सक्छन्। समयमा नै समस्याको निकास नपाउदा यसले शारीरिक रूपमा पनि असर पार्न थाल्दछ। मानसिक चिन्ता बढ्नाले निद्रा नलाग्ने, टाउको दुख्ने, ज्वरो आउने र दुब्लाउँदै जाने स्थिति बन्छ। लामो समयसम्म यस्तो अवस्था रहृयो भने अन्तत यसले अल्सर, उच्च रक्तचाप जस्ता स्थाई प्रकृतिका रोगहरू पनि निम्त्याउन सक्दछ। दुरुत्साहनका जटिल घटनाहरूले कहिलेकाही मानिसलाई आत्महत्याको स्थितिसम्म पनि पुऱ्याउन सक्दछ।

यति गम्भिर परिणामसम्म पनि निम्त्याउन सक्ने दुरुत्साहनको वारेमा हाम्रो श्रम नीति र कानुनले एक शब्द पनि वोलेको छैन। हाम्रो यूनियन आन्दोलनले पनि लामो समयसम्म यस विषयलाई आफ्नो एजेण्डा बनाउन सकेन। श्रम क्षेत्रमा दुरुत्साहनले उत्पादकत्वलाई स्वभाविकै रूपमा घटाउँदछ। यूनियनले यस विषयलाई प्राथमिकतामा राख्न नसक्दा यूनियनप्रति महिलाहरूको आकर्षण हुँदैन। हरेक नागरिकलाई स्वतन्त्र र उन्मुक्त रूपमा बाँच्न पाउने र सक्ने वातावरण सृजना गर्नु त सरकारको दायित्व भित्रै पर्दछ।

यसर्थ, अवको दिनमा लिङ्गीय दुरुत्साहनको विषय श्रम क्षेत्रमा हेर्दा तीनै वटा सामाजिक सहयात्रीहरूको साझा सवाल बन्नुपर्दछ र दुरुत्साहनरहित कार्यथलो निर्माणका लागि यूनियन, व्यवस्थापक र सरकार सबैले यस विषयमा गम्भिरतापूर्वक पहल गर्नुपर्दछ।

## यस्तो पनि व्यवस्था हुने गर्छ !

**"सेमिनार स्थल सुरक्षित बनाऔं, लिंगिय दुरुत्साहनको विरोध गरौं"**

आइएफविडव्लुडव्लु आफ्नो हरेक सेमिनारस्थल महिला वा पुरुष दुवैको लागि सुरक्षित होस् र हाम्रा कार्यक्रमहरू दुरुत्साहन रहित होस् भन्ने चाहन्छ। बढ्दो लिंगीय दुरुत्साहनबाट हुन सक्ने समस्या र अप्ठेरोको वारेमा आइएफविडव्लुडव्लुको आफ्नो स्पष्ट धारणा छ। सकेसम्म यस्तो समस्या नआओस् भन्ने हाम्रो चाहना हो। आइएफविडव्लुडव्लुको कार्यक्रम अवधिमा यदि यस्तो समस्या भइहाल्यो भने सहयोगको लागि निम्न व्यक्तिहरू उपलव्ध हुने छन्।

| | |
|---|---|
| बालान नायर | आइएफविडव्लुडव्लुको एसिया प्यासिफिक क्षेत्रीय प्रतिनिधि |
| हरचरन कौर | आइएफविडव्लुडव्लुको एसिया प्यासिफिक क्षेत्रीय कोअर्डिनेटर |




# इतिहासको कोणबाट वर्ग संघर्षलाई हेर्दा

– उमेश उपाध्याय

नेपालको सन्दर्भमा वर्ग संघर्षलाई हेर्दा एक अर्कासंग जोडिएका दुवै रूपलाई हेर्नु पर्ने हुन्छ - ग्रामीण वर्ग संघर्ष र शहरी वर्ग संघर्ष। ग्रामीण वर्ग संघर्ष मूल रूपले मोहीहरू, अधियाँ- ठेक्कामा खेती गर्नेहरू, गरीव किसानहरू र भूमिहीन कृषि श्रमिकहरूमा भर पर्दछ। जमिन्दार र धेरैजसो धनी किसानहरूले प्रतिक्रियावादी भूमिका खेल्दै आएका छन्। मध्यम किसानहरू राष्ट्रिय परिवेशमा वामपन्थी शक्तिहरूको समर्थन गर्दै आएका छन्। तर स्थानीय स्तरको वर्ग संघर्षमा उनीहरूको भूमिका उम्किने, पलायनमुखी खालको छ। साना गरीब किसानहरूले स्थानीय स्तरको वर्ग संघर्षमा महत्वपूर्ण भूमिका खेल्दै आएका छन्।

शहरी वर्ग संघर्ष मुख्य रूपले मजदुरहरूमा भर पर्दछ। औपचारिक र अनौपचारिक क्षेत्रका तथा स्वरोजगार श्रमिकहरू नै शहरी वर्ग संघर्षका आधारहरू हुन्, यद्यपि औपचारिक, अनौपचारिक र स्वरोजगार क्षेत्रका श्वेतपोश श्रमिकहरू भने अवसरको फाइदा उठाउने काममा मात्र बढी सिपालु देखिएका छन्। इतिहासको कोणबाट वर्ग संघर्षलाई निम्न काल खण्डमा विभाजन गरेर अध्ययन गर्न सकिन्छः

**एकीकरण अघि**

अठारौं शताब्दीको उत्तरार्धमा एउटा राष्ट्रको रूपमा नेपालको एकीकरण हुनुअघि साना साना धेरै राज्यहरू अस्तित्वमा थिए। उनीहरूको बीचमा निरन्तर युद्ध भइरहने हुँदा सीमाना पनि निश्चित रहन पाउँदैनथ्यो। त्यस अवधिमा वर्ग स्थिति आजको जस्तो जटिल नभएकोले दुई स्पष्ट वर्ग समूहहरू बीच संघर्ष देखिन्थ्यो। राजाहरू-जमिन्दारहरू, प्रशासकहरू, सैनिक अधिकृतहरू, मुखिया-जिम्मावालहरू र सम्पन्न ब्राम्हणहरू वर्ग संघर्षका एक पक्ष थिए। त्यसै गरी वर्ग संघर्षको अर्को पक्षमा कमाराहरू, रैतीहरू (अर्धदासतामा रहेका किसानहरू) र अछुत मानिएका जातिहरू थिए। अछुत जातिहरूको भन्दा उच्च स्थिति भए पनि विभिन्न जनजातिहरूको ठूलो भाग वर्ग संघर्षको पीडित पक्षमा नै थियो। यी दुई वर्ग समूहका बीचमा थोरै वर्गहरू थिए र तिनीहरूको समाज परिवर्तनमा कुनै भूमिका पनि थिएन। मध्यमवर्गको रूपमा रहेका बाहुन र क्षेत्रीय परिवारहरू उच्च वर्गकै पक्षमा थिए। र उनीहरूको संख्या पनि त्यति ठूलो थिएन। हिन्दू धर्म, वर्ण र जाति व्यवस्था तथा परम्परागत अन्धविश्वासले समाज ग्रस्त थियो। दास प्रथाको दरो प्रभाव रहेको सामन्ती प्रणाली नै त्यो समाजको विशेषता थियो।

**एकीकरणपछि**

एकीकरणपछि सामन्ती प्रणाली झन प्रभावकारी हुनपुग्यो र जमिन्दारहरूको शक्ति झन् बढ्यो। वर्गसंरचनामा कुनै परिवर्तन भएन, तर सामन्ती राज्य संयन्त्र झन् शक्तिशाली र एकीकृत भएकोले शासक र सहयोगी वर्गहरू निकै बलिया भए। छोटे राजा रजौटाहरूको निरन्तरको आपसी युद्ध पनि समाप्त भयो र उनीहरू ठूला जमिन्दारको रूपमा परिवर्तित हुन पुगे। शोषित वर्गहरूको संघर्ष र प्रतिरोध झन् कमजोर भयो। फलतः शासक र सहयोगी वर्गहरूलाई निकै फुर्सद भएकोले आपसमा शक्तिको बाँडफाँडका लागि भिडन्त र कहिले कहिले हिंसक भिडन्त समेत सामान्य बन्न पुग्यो। शक्तिको बाँडफाँडको प्रतिस्पर्धा र षडयन्त्रहरू खुलेआम देखिन्थ्यो। शासक वर्गको यो भीडन्त र षड्यन्त्रको केन्द्र राजदरवार नै बनेको थियो।

**राणाशासनको चरणमा**

सन् १८४६ अर्थात वि.सं. १९०३ मा त्यस समयका शक्ति संघर्षमा रक्तपात र नरसंहार गर्दै जंगबहादुर राणाले बलपूर्वक राणा प्रधानमन्त्रीको शासन स्थापित गरी छाडे। यसपछि राजा र राजदरवार राणा प्रधानमन्त्रीको रबर छाप बन्न पुग्यो। तथा शक्ति संघर्ष पनि राणा परिवारका महलतिर बढी छरिएर पहिलेभन्दा विकेन्द्रित बन्न पुग्यो। तर राणा शासनको पूर्वार्धमा मूलतः बीसौं शताब्दी लाग्नुअघि वर्गसंघर्षको पहिलेको प्रकृतिमा कुनै खास अन्तर आएन। तर बीसौं शताब्दी लागेपछि जनसंख्या वृद्धिसंगै मध्यम आयवर्ग तीव्र गतिले विकसित हुन थाल्यो। ब्राम्हण र क्षेत्री जातिबाट मूलतः यो वर्ग विकसित हुन थाल्यो। बाहुन र क्षेत्रीको सम्पन्न वर्ग सत्ताको सहभागिताबाट राणा शासनमा विस्थापित हुँदै गएपछि अंशबन्डा र जमीनको खण्डीकरणले पछिल्ला पुस्तामा तलतिर वर्ग संक्रमणको अवस्थामा आयो। यो वर्ग र जातिको शिक्षामा बढेको पहुँच र बढेको संख्याले गर्दा शासनमा सहभागिता घटे पनि समाजको नेतृत्व गर्ने हैसियत बन्यो। फलस्वरूप धेरै दशकदेखि कायम रहेको जडता टुट्न थाल्यो र परिवर्तनको चेतना समाजभित्र विस्तारै सलबलाउन शुरु गऱ्यो। यसको स्पष्ट प्रभाव राजनीतिक क्षेत्रमा देखापऱ्यो। राजनीतिको रंगमा परिवर्तन आउन थाल्यो र प्रजातन्त्र तथा बहुदलीय प्रणालीको मागले आकार लियो। राजनीतिक आन्दोलनले निश्चित स्वरूप प्राप्त गर्दै गयो र संगसंगै वर्ग संघर्षको पनि आकार र स्वरूप फेरिँदै गयो। ग्रामीण क्षेत्रमा रैती किसान र जमिन्दार बीचको संघर्षले तीव्रता पायो। शहरी क्षेत्रमा दोस्रो विश्वयुद्धको पूर्व संध्यामा स्थापित हुन

थालेका उद्योगहरूबाट विकसित हुन थालेको नयाँ मजदुर वर्ग शहरी क्षेत्रको वर्ग संघर्षमा देखापर्‍यो। खास गरेर सन् १९४६ पछि अखिल नेपाल ट्रेड यूनियन कांग्रेसको कम्युनिस्ट शक्तिहरूद्वारा स्थापना गरिएपछि शहरी वर्ग संघर्षको रूप शुरु भयो। नत्र यसअघि शहरी वर्ग संघर्षको पृथक पहिचान थिएन।

**राणा शासनको अन्त्यपछि**

सन् १९५१ अर्थात् २००७ सालमा राणा शासनको अन्त्य भयो। यससंगै राजनीतिक, सामाजिक र ट्रेड यूनियन संगठनहरू खुला वातावरणमा आए। यसले वर्ग संघर्षलाई नयाँ आयाममा विकसित हुने परिवेश मिल्यो। राजाको नेतृत्वमा सामन्त र जमिन्दार वर्ग राज्यसत्तामा प्रभावी रह्यो। तर परिवर्तनको मूल नेतृत्वदायी उदाउँदो मध्यमवर्गले राज्यसंयन्त्रको वास्तविक शक्तिमा कुनै प्रभावकारी सहभागिता पाउन सकेन। यसले एउटा स्वाभाविक द्वन्द्व सृजना गर्‍यो। लगभग १० वर्षको यो द्वन्द्वको परिणाम राजाको नेतृत्वमा २०१७ मा सेना परिचालन र बहुदलीय प्रणालीको अन्त्यको रूपमा देखापर्‍यो। राजनीतिक दल र ट्रेड यूनियनहरू समेत प्रतिबन्धित भए। यसले नेपालमा नयाँ किसिमले आकार ग्रहण गरिरहेको वर्ग संघर्षको स्वाभाविक प्रक्रिया अवरुद्ध भयो। तानाशाही विरोधी तथा निरंकुश सामन्तवाद विरोधी शक्तिहरू भूमिगत रूपमा क्रियाशील रहे। कम्युनिस्ट आन्दोलनभित्रका विभिन्न घटक र समूहहरूको क्रियाशीलता गैर कम्युनिस्टहरूको तुलनामा बढी प्रभावकारी सावित भयो। ग्रामीण तथा शहरी दुवै खाले वर्ग संघर्ष बांगोटिंगो बाटोबाट हुँदै बढ्दै गयो। पंचायती निरंकुश राजतन्त्रीय अवधिका लामा ३० वर्षहरूमा नेपालमा ज्यादै दमित भएर पनि भित्रभित्रै घनीभूत र भुसको आगो झैं वर्गसंघर्ष फैलँदै गयो।

**२०४६ यता**

२०४६ को जनआन्दोलनमा व्यापक रूपमा फैलिएको दमित वर्गसंघर्षले राम्रो राजनीतिक आकार ग्रहण गरी निरंकुश सामन्ती केन्द्र दरवारविरुद्ध धावा बोल्यो। मध्यम वर्गले नेतृत्व गरेको र निम्न वर्ग मूलतः शहरी श्रमजीवी वर्ग परिचालित भएको तथा राजनीतिक मतभेदहरू थाती बसेको हुनाले यो आन्दोलन सफल भयो। अहिलेको नेपालको बहुदलीय संसदीय प्रणालीले मूल रूपमा मध्यम आय समूहको नै सेवा गरिरहेको छ र जुनसुकै राजनीतिक दलको पनि मध्यम आय वर्ग नै यसबाट लाभान्वित भएको छ। निम्न आय वर्ग सत्तारुढ दलको पनि पीडित नै रहेको छ। तर बहुदलीय संसदीय प्रणालीको स्थापनाले आधारभूत राजनीतिक हक अधिकारको बहाली भएकाले श्रमिक संगठन, किसान संगठन, र पार्टीहरूले स्वतन्त्र गतिविधि गर्न अब कुनै बाधा अवरोध नभएकोले श्रमजीवी वर्गलाई पनि आफ्ना आवाज राख्न सजिलो भएको छ। यसर्थ हक हित र आर्थिक कल्याणका अवसरको लागि संघर्ष गर्न तुलनात्मक रूपले सजिलो भएको छ। स्थानीय वा राष्ट्रिय स्तरमा वर्गसंघर्ष अघि बढ्नका लागि अव धेरै मंचहरू र द्वारहरू खुलेका छन् शहरी र ग्रामीण दुवै वर्गसंघर्षका लागि कानूनी र राजनीतिक दुवै खाले संरचनाभित्र पर्याप्त मैदान बनेको छ। त्यसैले अहिलेको वर्ग संघर्ष संसदीय अभ्यासको नयाँ मैदानमा पनि प्रवेश गरेको छ। सडकको ठूलो खुला मैदान त निर्वाध रूपमा छँदैछ। यस बाहेक हिंसक खाले वर्ग संघर्ष महत्वपूर्ण र प्रभावकारी भए पनि यसको उपयोगिता र सान्दर्भिकता भने क्रमशः गुम्दै गएको छ।


**स्वदेशी उद्योगद्वारा तयार गरिएको बढी भरपर्दो र उपयोगी, सरसरी गाज आउने, कपडा सफा गर्ने किफायती सस्तो "सुपर बजेट" कपडा धुने साबुन प्रयोग गरी सेवा गर्ने अवसर दिनुहोस्**

सुपर बजेट

-नारायण सोप एण्ड केमिकल इण्डष्ट्रिज (प्रा) लि
कालिका नगर बुटवल-१२



**आफ्नै देशको कच्चा पदार्थबाट स्वदेशमा चाइनिज प्रविधिबाट निर्मित सस्तो-भरपर्दो-बलियो-राम्रो कागज प्रयोग गरी स्वदेशी उद्योगलाई प्रोत्साहन गरौं**

**-भृकुटी पेपर एण्ड पल्प मिल्स प्रा. लि.**
**गैंडाकोट, नवलपरासी गैंडाकोट फोन ०५६-२०२३०**

# छुट्टै तरीकाले संगठन गर्ने नेस्वकामयू



सानैदेखि फुटबल खेलका प्रेमी बौद्धको एक गलैंचा कारखानामा काम गर्ने पद्म मोक्तान आफ्नो खेललाई निरन्तरता दिन यूनियनले आयोजना गर्ने खेल नै प्रमुख रहेको ठान्दछन् । यस्तै आफ्नै गाउँघरको सम्झना दिलाउने खालका गीत संगित विभिन्न समयमा सुन्न पाइने हुँदा पवित्रा सुव्वालाई पनि यूनियन साह्रै मन पर्दछ । गलैंचा कारखानामा रहेको अस्वस्थ वातावरणको कारण आफू र आफ्ना केटाकेटी विरामी भइरहने भएकोले यूनियनले संचालन गरेको स्वास्थ्य शीविरबाट लाभ भएको अनुभव कान्छी लामाको छ।

हुनपनि नेस्वकामयूले आम यूनियनहरूले संगठन गर्ने विधिभन्दा भिन्नै तरिकाबाट मजदुरहरूलाई संगठित गर्दै आएको छ। नेपाल स्वतन्त्र कार्पेट मजदुर यूनियनको सन्दर्भमा गलैंचा र ऊनी धागो उद्योगमा काम गर्ने धेरै मजदुरहरूको भिन्ना भिन्नै अनुभव छन् ।

२०४७ सालको कुरा हो । नेस्वकामयूले प्यान हिमालयन कार्पेटमा भलिवल प्रतियोगिताको आयोजना गऱ्यो। त्यतिखेर धेरैले अन्दाज समेत गरेका थिएनन्, यो प्रयिोगिता नै एक दिन नव स्थापित नेस्वकामयूको संगठन अभियानमा कोशे ढुंगो बन्नेछ । यसको प्रभाव कहाँसम्म पऱ्यो भने, त्यतिखेर महासंघको नीतिसंग विमति राख्ने मात्र होइन, विरोध गर्ने केही व्यक्तिहरू समेत नेस्वकामयूको वरिपरि झुम्मिए ।

त्यो भलिबल प्रतियोगिता त शुरुवात मात्र थियो। कामको प्रकृति, मजदुरहरूको चाहना, कारखाना वरिपरिको वातावरण आदि कुराहरूले खेलकूद सम्वन्धी कार्यक्रमलाई अगाडि वढाउँदा मजदुरहरूलाई संगठित गर्न सकिने निष्कर्षमा नेस्वकामयू पुगिसकेको थियो। त्यसैले यूनियनले फुटबल खेलको पनि आयोजना गर्न थाल्यो। भरखरै मात्र सम्पन्न भएको यूनियन कप फुटबल प्रतियोगितामा पनि उपत्यकाका विभिन्न कारखानामा काम गर्ने मजदुरहरूको १२ वटा कारखानाका १२ टिमले आफ्नो सहभागिता जनाएका थिए ।

यस्तै गरी मजदुरहरूको मनोवललाई उच्च राख्न नेस्वकामयूले मार्शल आर्टको विधामा पनि हात हाल्यो। आफ्नो प्रत्यक्ष संलग्नतामा संचालित श्रमिक तेक्वान्दो डोजाँ र श्रमिक सोतोकान डोजाँ जस्ता प्रशिक्षण केन्द्र संचालन गर्ने तहमा यूनियन पुग्यो। जसमा प्रशिक्षक तथा प्रशिक्षार्थीहरू सबै नै



गलैंचा मजदुरहरू रहेका छन् ।

"आफ्ना प्रशिक्षण केन्द्रलाई आवश्यक पर्ने प्रशिक्षकहरू आफू भित्रबाट नै निर्माण गर्ने हाम्रो नीत रहेको छ। यसमा हामी सफल भएका छौं" यूनियन अध्यक्ष विनोद श्रेष्ठ भन्नुहुन्छ- "नेस्वकामयूका प्रशिक्षकहरू अन्य स्थानमा पनि प्रशिक्षण दिन सफल भएकोले पनि नेपाल स्वतन्त्र कार्पेट मजदुर यूनियन आम गलैंचा बुन्ने खेलप्रेमी मजदुरहरू बीच निकै प्यारो रहेको छ ।"

कारखानामा काम गर्दै खेलकूदमा दक्षता हासिल गर्नु सजिलो काम होइन । तर यूनियननै लागिपरेपछि असम्भव चाहिं केही पनि हुँदो रहेनछ। साफ गेममा मेडल जित्ने ध्वजमान मोक्तान जस्ता मजदुरहरूले विभिन्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय कार्यक्रमहरूमा प्रदर्शन गरेको कौशलले यूनियनको सहयोगबाट दिलाइएको प्रशिक्षणको प्रभावकारीताको पुष्टि गरेको छ।

मजदुरहरूलाई विभिन्न कुराहरूको जानकारी गराउनकै लागि पनि नेस्वकामयूले विभिन्न समयमा हाजिरी जवाफ कार्यक्रम पनि संचालन गर्दै आएको छ । खास गरी श्रम क्षेत्र, अर्थशास्त्र, इतिहास, ट्रेड यूनियन आन्दोलन, ट्रेड यूनियन अधिकार आदि विषयमा मजदुरहरूलाई "आफ्नै परिश्रमबाट बुझाउने" बेग्लै तरिका नेस्वकामयूले अपनाएको छ। "आफ्नै मिहेनतबाट देश काल परिस्थिति बुझाउनको लागि नै वेलावखतमा यस्ता खाले कार्यक्रमहरू आयोजना गर्ने गरिएको छ" यूनियनका सचिव तुलसी सिवाकोटी यस्तो धारणा राख्नु हुन्छ।

चौविसै घण्टा वग्रेल्ती धागोका डल्ला र अव्यवस्थित तानका बीच पनि ठुला ठुला आवाजले घन्किने रेडियो तथा क्यासेटका गीतमा आफ्नो परिश्रम जारी राख्ने गलैचा मजदुरहरूको चाखलाई नेस्वकामयूले राम्रै बुझेको छ। अर्काले तयार गरिदिएको गीत के गीत? आफ्नै पाखा पखेरामा गाउने गरिएका भाखा र सुसेलीमा हुने आनन्द त्यस्ता गीतले कहाँबाट दिन्छ र? "नेस्वकामयूले आयोजना गरेको लोक गीत प्रतियोगिताले मजदुरहरूको मन जित्न सफल भएको छ।" यूनियनका सांस्कृतिक फाँटमा संलग्न नेताहरू भन्नुहुन्छ- "गीत तथा संगित क्षेत्रमा पहिले मजदुरहरूलाई सक्रियताका साथ सहभागिता गराउने अनि त्यही प्रवेश विन्दुबाट यूनियनको वरिपरि गोलवन्द गर्ने नीति अनुसार यूनियनले आफ्नो कार्यक्रममा सांस्कृतिक कार्यक्रमलाई अभियानकै रूपमा संचालन गर्दै आएको छ ।"

आफ्नो यूनियन तथा कारखाना भित्रबाटै कलाकारहरूको उत्पादन गरी उनीहरूबाट नै प्रदर्शित कार्यक्रमहरू मध्ये निरन्तर रूपमा अन्तरराष्ट्रिय श्रमिक महिला दिवसको उपलक्ष्यमा आयोजना गर्ने सांस्कृतिक कार्यक्रमले धेरै मजदुरहरूलाई यूनियन आन्दोलन भित्र ल्याउन सहयोग गरेको छ । यस वर्ष यो कार्यक्रम "श्रमिक साँझ" नाममा विशेष रूपमा आयोजना गरिंदैछ। यूनियनको मूल्यांकनमा विभिन्न चाड पर्वहरूमा आयोजना गरिने सांगीतिक कार्यक्रमहरूले समेत यूनियन - मजदुरबीचको सम्वन्धलाई निकै गाढा बनाएको छ ।

नेस्वकामयू मूलतः काठमाडौं उपत्यका आधारित छ। यसले यहाँको मजदुरहरूको रुचिलाई ठम्याएकै कारणले श्रमिक वर्गहरूको महान चाड मे १ लाई जुलुस-आमसभा मात्र होइन मेला तथा उत्सवका रूपमा पनि मनाउनु पर्छ भन्ने मान्यता राख्दै आएको छ। यो यूनियनले विगतमा कार्यक्रम स्थलमा ममः तथा आलु चिउराको स्टलहरू समेत राखेको छ । सामूकहिताको लागि क्रियाशील हुने र मजदुरको हरेक दुःख सुखमा सामेल हुने मान्यता अनुरूप मजदुरहरूलाई महंगीको मारबाट थोरै भए तापनि राहत दिन यूनियनले सस्तो पसलहरू पनि संचालन गरेको थियो। गलैंचा मजदुरहरूलाई सस्तो दरमा खाद्यान्न तथा दैनिक उपभोग्य सामानहरू उपलब्ध गराउने उद्देश्य यूनियनले राखेको थियो।

नयाँ मजदुरहरूलाई यूनियन आन्दोलनमा आकर्षित गर्ने एउटै मात्र तरिका हुँदैन। विभिन्न तरीकाबाट मजदुरहरूको मन जित्न सकिन्छ। भेला-प्रशिक्षण र शोषण विरुद्ध आन्दोलन संचालन गर्ने जस्ता तरिका परम्परागत रूपमा अपनाउने गरिएको तरिका हो । नेस्वकामयूको तरिका प्रचलित तरिका भन्दा पृथक छ। के यस्तो मोडेल हाम्रा अरु यूनियनहरूलाई पनि उपयोगी होला?



# जिफन्ट योजना कार्यशाला सम्पन्न




अंचल कमिटीहरूको योजना बनाउने उद्देश्यले महासंघको आयोजनामा महासंघ अंचल कमिटीहरूको दुई दिने योजना कार्यशाला गत फागुन १३ र १४ गते मनमोहन मजदुर भवन पुतलीसडक, काठमाडौंमा सम्पन्न भयो। सम्पन्न कार्यशालाले अंचल कमिटीहरूको क्षेत्रीय तथा अंचल स्तरीय योजनाहरू बनाएको छ।

तेस्रो राष्ट्रिय महाधिवेशनले पारित गरेको महासंघको संरचना अनुसार नव गठित अंचल कमिटीहरूलाई सुदृढ र सुव्यवस्थित रुपले संचालन गर्न, अंचल कमिटीलाई महासंघको लक्ष्य र उद्देश्य अनुरुप प्रतिष्ठान स्तरसम्म नै महासंघलाई पुऱ्याई ट्रेड यूनियन आन्दोलनलाई अघिबढाउन यो योजना कार्यशाला गरिएको हो। यस कार्यशालाले अंचल कमिटीहरूले के काम, कहिले र कसरी गर्ने भन्ने योजना बनाएको छ। सहभागीहरूको मूल्यांकन अनुसार यस कार्ययोजनाले आआफ्नो अञ्चलमा योजनाबद्ध ढंगले कार्यालय सञ्चालनदेखि लिएर संगठन विस्तार, श्रम विवाद समाधान, आर्थिक आत्मनिर्भर कार्यक्रमका साथै महासंघको १६ बुँदे कार्यक्रम गर्न लागू सघाउ पुग्नेछ।

महासंघका अध्यक्ष क. मुकुन्द न्यौपानेले उद्घाटन गर्नुभएको सो योजना कार्यशालामा महासंघका १० वटा अंचल कमिटीका अध्यक्ष, सचिव र कोषाध्यक्षका साथै महिला प्रतिनिधि र क्षेत्रीय संयोजकहरूको समेत सहभागिता रहेको थियो। कार्यशालाको सहजकर्ता महासंघका महासचिव विष्णु रिमाल र शिक्षा विभागका प्रमुख वृद्धि आचार्य हुनुहुन्थ्यो।

## राष्ट्रिय कोषाध्यक्ष भेला

नेपाल ट्रेड यूनियन महासंघको आयोजनामा महासंघको देशभरिका कोषाध्यक्षहरूको एक भेला गत फागुन १५ गते काठमाडौंमा सम्पन्न भयो।

महासंघको आर्थिक नीति र कार्यक्रमबारे जानकारी गराउने उद्देश्यले सम्पन्न त्यस कार्यक्रममा महासंघले सञ्चालन गरेको आकष्मिक कोष, श्रमिक सहकारिता, आत्म निर्भर कार्यक्रम, चेक अफ प्रणाली, कार्यकर्ता कल्याणकारी कोषको सञ्चालन, सदस्य यूनियनसंगको हातेमालो कार्यक्रम, यूनियन शुल्क, अतिरिक्त आय स्रोतको परिचालन, कर्मचारी नीति आदि विषयमा महासंघका कोषाध्यक्ष कमरेडले जानकारी गराउनु भएको थियो।

भेलामा बजेट निर्माण के र कसरी भन्ने विषयका साथै महासंघको लेखा प्रणालीमा एक रुपता ल्याउन दोहोरो लेखा प्रणालीबारे पनि कोषाध्यक्षहरूलाई प्रशिक्षण दिइएको थियो। प्रशिक्षणका प्रशिक्षकहरू शिक्षा विभागका प्रमुख वृद्धि आचार्य र महासंघका लेखाअधिकृत गुण राम आचार्य हुनुहुन्थ्यो।

भेलामा महासंघका दश वटा अञ्चल कमिटीका कोषाध्यक्षहरू, १५ वाट सदस्य यूनियनका कोषाध्यक्षहरूका साथै आर्थिक विभागका सदस्यहरूको सहभागिता रहेको थियो।



# अञ्चल कमिटीहरूको राजनीतिक तथा वैचारिक प्रशिक्षण

महासंघको अञ्चल कार्यकर्ताहरूलाई राजनीतिक र वैचारिक रूपमा सबल बनाउने उद्देश्यले माघ २० गते देखि मेची महाकाली प्रशिक्षण अभियान शुरु गरिएको छ।

महासंघका अध्यक्ष क. मुकुन्द न्यौपाने प्रशिक्षक रहनुभएको उक्त प्रशिक्षण कार्यक्रम माघ २० गते झापाबाट शुरु भई बिराटनगर, बीरगंज, बुटवल, कञ्चनपुर, नेपालगंज र पोखरामा सम्पन्न भइसकेको छ।

कार्यक्रम सम्बन्धमा क. मुकुन्द न्यौपाने भन्नुहुन्छ, "सम्मानित श्रमजीवी वर्ग र समृद्ध जीवनका लागि समाजवाद महासंघको लक्ष्य हो। त्यस लक्ष्यमा पुग्न वैचारिक रूपले पनि मजदुरहरूलाई सबल बनाउने उद्देश्यले यो अभियान सञ्चालन गरिएको हो। अहिलेसम्म सम्पन्न प्रशिक्षण कार्यक्रमहरूमा सहभागीहरू निकै उत्साहित भएका छन्।"

प्रशिक्षण कार्यक्रमको लागि क. मुकुन्द न्यौपानेद्वारा "सम्मानित श्रमजीवी वर्ग र समृद्ध जीवनको लागि समाजवाद" नामको पाठ्य पुस्तक नै तयार गर्नुभएको छ। प्रशिक्षणमा सम्मानित श्रमजीवी वर्ग र समृद्ध जीवनको लागि समाजवादका साथै ट्रेड यूनियन आन्दोलनको अवधारणा र मार्क्सवादी दर्शन-ज्ञानको सिद्धान्त विषयमा पनि प्रशिक्षण दिइएको थियो। प्रशिक्षण कार्यक्रममा अंचल कमिटीका पदाधिकारी तथा सदस्यहरूका साथै महिला प्रतिनिधिहरूको पनि सहभागिता थियो। यस अभियानमा कार्यक्रम अनुसार विशेष कारणले स्थगित भएका अंचलहरू जनकपुर, हेटौडा र काठमाडौंमा पनि चाँडै नै यिनै विषयहरूमा प्रशिक्षण कार्यक्रम सम्पन्न गरिने भएको छ।

## जानी राखौं: शब्द परिचय



**सजीव श्रम:** वस्तु वा सेवाको उत्पादनको लागि उद्देश्य सहित मानिसद्वारा गरिने श्रम।

**समाजको लागि श्रम:** केवल सामाजिक उपभोक्ताको हितका निम्ति उत्पादन गरिने वस्तु वा सेवाको उत्पादन, विस्तार एवं सम्वर्धन गर्न खर्च गरिने श्रम नै समाजको लागि श्रम हो। यो श्रमलाई समाजवादमा सामाजिक श्रमको एक भागका रूपमा पनि लिइन्छ।

**निजी श्रम:** उत्पादनका साधनहरू माथि निजी स्वामित्व कायम गर्नको लागि गरिने श्रम निजी श्रम हो। यस्तो श्रम सामूहिक स्वार्थभन्दा निजी स्वार्थमा बढी केन्द्रित गरिन्छ।

**अधिक श्रम:** यो श्रम कुनै काम गर्दा आफूले प्राप्त गर्ने मूल्यभन्दा बढी आफ्नो क्षमता विवेक प्रयोग गरी अधिक उत्पादन गर्न गरिने श्रम हो। पूँजीवादी व्यावस्थामा पूँजीपतिले आर्जन गर्ने अतिरिक्त मूल्य यो श्रमबाट नै प्राप्त गर्दछन्।

**बौद्धिक श्रम:** कुनै श्रम गर्दा आफ्नो शारीरिक अंगको सट्टा मानसिक विवेक बढी प्रयोग गरी गरिन्छ भने त्यस्तो श्रमलाई बौद्धिक श्रम भनिन्छ।

**विगत श्रम:** उत्पादनको कार्यमा प्रयोग भइसकेको श्रम विगत श्रम हो। यस्तो श्रमले पूर्ण उपयोगिता प्राप्त गरिसकेको हुन्छ र आफ्नो मूल्य समेत प्राप्त गरेको हुन्छ। यो श्रमले श्रमको वस्तु वा सेवाको आकार ग्रहण गरिसकेको हुन्छ।

**व्यापक अनिवार्य श्रम:** यो समाजवादी समाजमा श्रम गर्नेहरूको अधिकार तथा कर्तव्यको एकताको अभिव्यक्ति हो। यसको खास अर्थ वेराजगारीको उन्मूलन र श्रम गर्न सक्षम सबैको लागि रोजगारीको व्यवस्था हो।

**संश्लिष्ट श्रम:** यो पनि एक प्रकारको कुशल श्रम नै हो। यसको लागि पनि निश्चित विषयमा तालिम वा दक्षताको आवश्यकता पर्दछ। यो श्रमको मूल्य पनि आम नभई विशेष हुने हुन्छ।

**सरल श्रम:** यो सामान्य श्रम प्रक्रिया हो। यो श्रमको लागि कुनै विशेष प्रकारको तालिम वा प्रशिक्षणको जरूरत पर्दैन। समान्य ढंगबाट नै यो श्रमको सीप हासिल गरिन्छ।

प्रस्तुति : विदुर कार्की



# मानवअधिकारका आकृतिहरु

इतिहासमा कतै पनि भेटिन्न विध्वंश र अशान्ति आम मान्छेहरूको चाहना हो। तर व्यक्तिगत स्वार्थ पूर्ति गर्न खोज्ने मुठ्ठीभर व्यक्तिहरूले इतिहासको भिन्न भिन्न ठाउँमा आम मान्छेहरूलाई युद्धको भुमरीमा धकेलेका छन्। पहिलो र दोस्रो विश्वयुद्ध यसैगरी सुरु भएको हो, असंख्य मान्छेहरूको ज्यान गयो, अथाह धनसम्पत्तिको विनाश भयो।

यस्तै विनाशकारी युद्धको पृष्ठभूमिमा १९४८ डिसेम्बर १० का दिन विश्वका राष्ट्र प्रमुखहरूले जनताका नाममा मानवअधिकारको विश्व घोषणापत्र जारी गर्दै युद्धहरू जन्मने वातावरणको अन्त्य गर्ने प्रतिज्ञा गरे। घोषणापत्र मार्फत् विध्वंशात्मक शासकहरूले स्वीकार गरे कि मान्छे (शासक) ले मान्छे (जनता) माथि गर्ने दुर्व्यवहार र उत्पीडनका कारण विध्वंशको जन्म हुन्छ, मानव मर्यादा र विवेकको सम्मानबाट शान्ति र सद्भावको विनास हुन्छ।

तर, बितेका ५३ वर्षहरूमा जनताका आवाजहरूको सम्मान भएन, मानव गरिमाको आदर गरिएन। शासकहरूले विभिन्न बहानामा जनताहरूमाथि युद्ध अपराधहरू थोपरिरहे। मानवीयताको रक्षाका लागि जनता पनि आन्दोलनमा जुटिरहे।

वृटिश काउन्सील नेपालले गएको २८-३० नोभेम्बर २००० मा मानवअधिकार दिवसको उपलक्ष्यमा मानवअधिकार चलचित्र तथा कार्टून प्रदर्शनी अन्तरगत मानवअधिकारसंग सम्बन्धित विभिन्न विषयका १५ वटा चलचित्र तथा कार्टूनहरू प्रदर्शन गरिए। यी मध्ये पहिलो दिन प्रदर्शन गरिएका चार वटा चलचित्र तथा कार्टूनहरूको बारेमा संक्षिप्त चर्चा गरिन्छ।

विश्व मानवअधिकार घोषणापत्र

बीस मिनेट लामो यो चलचित्र विश्व मानवअधिकार घोषणापत्रका ३० वटा धाराहरूमा अभिव्यक्त अधिकारहरूसंग सम्बन्धित छ। तीस वटा स-साना टुक्राहरूमा विभिन्न आकृतिका तस्वीरहरूले अधिकारहरूको आशय र अर्थका बारेमा चलचित्रमा अभिव्यक्ति दिएका छन्।

जब असल मान्छेहरू कुनै काम गर्दैनन्

सात वर्ष अघि (१९९४) रुवाण्डामा भएको आम हत्याको विषयमा आधारित यो चलचित्र निर्देशक माइक रोविन्सन्ले हुटु र टुट्सी जातिका बीच भड्किएको जातीय दंगामा एक महिनामा एक लाख मान्छे मारिएको दर्दनाक कथा यो चलचित्रमा समावेश गरेका छन्। मूला काटे भन्दा पनि सहज रुपमा छपछप मान्छे काटिएको तस्वीर हृदय विदारक देखिन्छ। नदीमा काटिएका हात खुट्टाका टुक्राहरू तैरिरहेका देखिन्छन्। सुकेका काठका टुक्राहरू तैरिए जस्तै। लामबद्ध मान्छेहरू छपाछप काटिन्छन्, हात खुट्टा र, सम्पूर्ण शरीर काटिन्छ। आंखा अगाडि आफन्तहरू मारिएको आफ्नो मर्ने पालो पर्खनु कति पीडादायक हुंदो हो कल्पनासम्म पनि गर्न सकिन्न। मानवअधिकारको नारा घन्काउने पश्चिमा मुलुकहरू चुपचाप बसिरहे। संयुक्त राष्ट्र संघीय केही सेनाहरू मारिएपछि संयुक्त राष्ट्र संघको सुरक्षा परिषद्मा यो नरसंहारलाई आमहत्या भन्नासाथ यसलाई रोक्न पहल गर्नुपर्ने अन्तर्राष्ट्रिय दायित्व हुन्छ। पश्चिमाहरूका लागि जो संयुक्त राष्ट्र संघको नीति निर्माणमा एकाधिकार कायम राख्दछन्, यो कहाली लाग्दो नरसंहार शायद उल्लेख्य रहेन। उनीहरू चूपचाप बसे, हुटु र टुट्सीहरू मरिरहे।

उच्च र महत्वपूर्ण ठाउंमा बस्ने असल मान्छेहरूले कुनै काम नगर्दा या काम गर्न नचाहंदा लाखौं मान्छेहरू सोत्तर भए। जब घटना साम्य भयो अमेरिकी राष्ट्रपति विल क्लिन्टन रुवाण्डा पुगे र माफी मागे, "हामीले समयमा यो युद्धलाई उचित नामै दिन सकेनौं"। मृतकहरूको सामु यो माफीको कुनै अर्थ छ?

जीवन रेखाहरू

पच्चीस मिनेट लामो यो चलचित्रमा विभिन्न देशका महिलाहरूले भोगिरहेको उत्पीडन सम्बन्धी छोटा-छोटा १२ वटा दृश्यहरू छायांकन गरेका छन्- निर्देशक मेकापले। प्रत्येक छायांकन विश्वका महिलाहरूको वास्तविक जीवन कथामा आधारित छ। महिलाहरूको पीडाहरू विविध प्रकृतिका छन् र यसका लागि प्रायः पुरुषहरू या पुरुष-प्रधान समाज जिम्मेवार छ।

स्वतन्त्रताको क्रन्दन

रंगभेद विरोधी आन्दोलनसंग सम्बन्धित यो चलचित्र काला जातिका नेता स्टेफेन विको को जीवन र मरणमा आधारित छ। विको आन्दोलनमा सक्रिय भएका कारण सेता शासकहरूबाट कुटेर मारिन्छन्। विकोको आन्दोलनमुखी व्यक्तित्व र अर्को जीवन कथा विश्व सामु सार्वजनिक गर्ने प्रण बोकेका उदारवादी सम्पादक डोनाल्ड वुड्स जो आफैंमा गोरा हुन्, सरकारको यातना र दमनसंग जुध्दै विकोको जीवनी संसारसामु ल्याउन सफल हुन्छन्।

यो चलचित्र काला जाति र काला पक्षीय सेता माथि गरिने रंगभेदी शासन अवधिमा भएको दक्षिण अफ्रिकी अपराधको कथा हो। निर्देशक रिचार्ड अटेनवोरोलाई धन्यवाद दिनुपर्छ सेताहरूको अत्याचार यो चलचित्रको माध्यमबाट हामी सहज अनुमान गर्न सक्छौं।

विटिस काउन्सिलले महत्वपूर्ण विषयमा ३ दिन खर्चेको छ- यसका लागि काउन्सिल तथा सम्बन्धित सबैलाई विशेष धन्यवाद।

**-मुकुन्दराज कट्टेल**

# बाँधाऋण सम्बन्धी राष्ट्रिय परामर्श कार्यक्रम

यही माघ १७ गते नेपाल ट्रेड यूनियन महासंघ र एन्टी-स्लेभरी इन्टरनेशनलको संयुक्त आयोजनामा बाँधा श्रमको अन्त्यको लागि राष्ट्रिय परामर्श बैठक सम्पन्न भयो। उद्घाटन सत्रको अध्यक्षता गर्नुहुने नेपाल ट्रेड यूनियन महासंघका अध्यक्ष क. मुकुन्द न्यौपानेले "कमैया प्रथामा प्रष्टसंग ऋण आधारित बाँधा श्रम देखिएको छ। तर यसको अर्थ कमैया प्रथाबाहेक अन्यत्र ऋण बन्धन छैन भन्ने सोच्नु हुँदैन।" उहाँले अगाडि भन्नुभयो-"श्रमिकलाई बाँधापनमा बाध्य भएर आफ्नो श्रम बेच्नु पर्ने बाध्यकारी अवस्थामा पर्न नदिन छिटो गतिले सामाजिक आर्थिक विकास गर्नु पनि जरुरी छ। यसो भएमा जीवनस्तरमाथि उठ्छ र बाँधापनलाई श्रमिकहरूले ठाडै नर्कान थाल्नेछन्।"

उक्त अवसरमा राष्ट्रिय मानवअधिकार आयोगका सदस्य सुशिल प्याकुरेल, आइएलओ काठमाडौंका निर्देशक लैला टेग्मो रेड्डी, नेपाल ट्रेड यूनियन कांग्रेसका उपाध्यक्ष इन्द्रदेव मिश्र, नेपाल प्रजातान्त्रिक ट्रेड यूनियन महासंघका घनश्याम सुवेदीले मन्तव्य राख्नुभएको थियो। आमन्त्रणका वावजुद व्यवसायिका प्रतिनिधिको अनुपस्थिति रहे तापनि सरकारी प्रतिनिधिको तर्फबाट श्रम तथा यातायात व्यवस्था मन्त्रालयका सीताराम उप्रेती र भूमिसुधार तथा व्यवस्था मन्त्रालयका रेवती प्रसाद ढकालले मन्तव्य राख्नु भएको थियो।

कार्यक्रममा एण्टी स्लेभरी इण्टरनेशनलका डेभिड उल्डले कार्यक्रमबारे विस्तृत जानकारी (कि नोट) प्रस्तुत गर्नुभएको थियो।

उद्घाटन कार्यक्रम पछि मुख्य सत्रमा स्रोत व्यक्तिहरूले कार्यपत्रहरू प्रस्तुत गर्नु भएको थियो। त्यस सत्रको अध्यक्षता राष्ट्रिय श्रम प्रतिष्ठानका अध्यक्ष प्रो. पार्थिवेश्वर तिमिल्सिनाले गर्नुभएको थियो । यसैगरी अन्तिम सत्र छलफल तथा समापन सत्रको अध्यक्षता इन्सेकका महासचिव सुवोधराज प्याकुरेलले गर्नुभएको थियो।

कार्यक्रमका स्रोत व्यक्तिहरू - एएसआईका डेभिड उल्डले-आजको विश्वमा ऋण आधारित बाँधाश्रम, आइएलओका पेट्रिक दारुले- दक्षिण एशियायली सन्दर्भमा बाँधाश्रम र आइएलओ अभिसन्धि र एनएलएका शिव शर्माले- नेपालमा बाँधाश्रमको अवस्था र कमैया पुनर्स्थापना बारे कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

कार्यक्रमा ३ वटै ट्रेड यूनियन महासंघहरू, भूमिसुधार तथा व्यवस्था मन्त्रालय, श्रम मन्त्रालय, इन्सेक र आर आर एन लगायत गैरसरकारी संगठनहरू, आइएलओ र डीएफआइडी लगायत अन्तरराष्ट्रिय संस्थाहरू, राष्ट्रिय श्रम प्रतिष्ठान, सबै राष्ट्रिय राजनीतिक पार्टीहरूका सांसदहरू, वकिलहरू, पत्रकारहरूको सक्रिय सहभागिता रह्यो। होटल अर्किडमा सञ्चालन गरिएको त्यो परामर्श बैठकले निम्न निष्कर्षहरू निकालेको छ-

१. बाँधा श्रमका विभिन्न रुपबारे अनुसन्धान जरुरी

२. बाँधा श्रमको शोषण वर्गीय प्रकृतिको र उत्पीडित जातिसंग पनि सम्बन्धित भएकोले राजनीतिक इच्छा शक्ति र गरिवी निवारणका कार्यक्रम प्रभावकारी पार्नु आवश्यक।

३. बाँधा श्रमिक परिवारहरू बालश्रमका पनि स्रोत देखिएको

४. समाधानको एउटा तरिका जमीनको वितरण र पुनर्स्थापना संगसंगै अर्को तरिका ज्याला, रोजगारी र स्वरोजगारीको विस्तार।

५. बाँधा श्रममा रहेका श्रमिकहरूको छिटो गतिमा यूनियनीकरण आवश्यक

६. आइएलओका बाध्यकारी श्रम अभिसन्धि नं. २९ र १०५ को सरकारद्वारा अनुमोदन र बाँधाश्रम निषेध गर्ने कानून संसदको यसै सत्रबाट पारित गर्नु जरुरी।


७. गाविसहरूलाई न्यूनतम ज्याला दिलाउने भराउने र ज्याला नदिनेलाई सजाय गर्ने अधिकार जरुरी।

८. सामाजिक सुरक्षा प्रणालीको विस्तार गर्नु आवश्यक।

९. प्रष्ट रणनीति बनाई जिम्मेवारीहरूको राम्रो बाँडफाँड गरी सरकार, ट्रेड यूनियन र गैससहरूले बाँधा श्रम समस्याको अन्त्य गर्न सक्ने।



# जिफन्टको सक्रियतामा खोरमा थुनिएको कमैया मुक्त



माघीको दिन कञ्चनपुरमा अमानवीय ढंगले निर्ममतापूर्वक नांगै खोरमा थुनिएको एक कमैयालाई ४ दिन पछि कृषि मजदुर संघ, नेपालले मुक्त पार्न सफल भयो।

धन बहादुर नाम गरेको त्यस कमैयालाई उनले काम गर्दा गहुँ नफलेको र काम गर्दा हलो भाँचेको अत्तो थापी मालिकले उनलाई १० हजार रुपैयाको ऋण बोकाएको थियो। त्यही ऋण तिर्न लगाउन कसरी तिर्छस् भनेर नांगै पारी खाना समेत नदिई चिसो सिमेन्टमा माघ १ गतेको जाडोमा थुनेको रहेछ। त्यो कुराको सुराकी महासंघले पाएपछि माघको ४ गते प्रहरी, पत्रकार समेत महासंघका पदाधिकारी उक्त ठाउँमा पुगी खोरभित्र थुनिएको कमैयालाई मुक्त पारेको थियो।

त्यस टोलीमा सम्मिलित हुनुभएका महासंघका मध्यमाञ्चल क्षेत्रीय संयोजक क. उद्धव केसीले भन्नुभयो "त्यस कमैयालाई हामीले खोर भित्रबाट मुक्त पार्‍यौं, उनी भोक र चिसोले सिथिल भइसकेको थियो। उनलाई हामीले तुरुन्त महाकाली अंचल अस्पतालमा भर्ना गर्‍यौं र थुन्ने मालिकलाई प्रहरीमा बुझायौं।"

यसै घटनालाई लिएर महासंघ अंचल कमिटी, महाकालीले माघ ५ गते दोषीलाई कडा कार्वाहीको माग राखी एक विज्ञप्ति पनि प्रकाशित गरेको थियो।

## डायरी

**असार ८, २०५७** महिला तथा समाज कल्याण मन्त्रालयको आयोजनामा "सामाजिक सुरक्षा नीति तर्जुमा" विषयमा काठमाडौंमा सम्पन्न अन्तरक्रियामा महासंघको तर्फबाट श्रम सम्बन्ध विभागका सदस्य रमेश बडाल सहभागी हुनुभयो।

**असार ७-९, २०५७** क्यानेडियन अन्तरराष्ट्रिय अध्ययन तथा सहयोग केन्द्र (सीइसीआइ) को आयोजनामा माइक्रो इन्स्योरेन्स विषयमा काठमाडौंमा सम्पन्न कार्यशाला गोष्ठीमा महासंघको तर्फबाट कोषाध्यक्ष विनोद श्रेष्ठ, विदेश विभाग प्रमुख उमेश उपाध्याय र राष्ट्रिय कमिटी सदस्य जनक चौधरी सहभागी हुनुभयो।

**असार १५-१७, २०५७** आइ. एल. ओ. काठमाडौंको आयोजनामा "वर्कर्स एजुकेसन सेमिनार अन कन्ट्राक्ट लेबोर" विषयमा काठमाडौंमा सम्पन्न सेमिनारमा महासंघको तर्फबाट श्रम सम्बन्ध विभागका प्रमुख हरिदत्त जोशी, राष्ट्रिय कमिटीका सदस्यहरू नरनाथ लुइटेल, मधुसुदन अधिकारी, कालिचरण बस्नेत, राष्ट्रिय परिषद सदस्यहरू रमेश बडाल, तुल्सी सिवाकोटी, दिपक अधिकारी र मैया पोडे सहभागी हुनुभयो।

**असार २१, २०५७** कमैया क्षेत्रमा सहकारी संचालन गर्न "माइक्रो-केडिट" विषयमा नवलपरासीमा सम्पन्न तालिममा महासंघको तर्फबाट आर्थिक विभागका सदस्य गुणराम आचार्यका साथै कमैया प्रोजेक्टसंग सम्बन्धित कमरेडहरू हेमराज रेग्मी, रामप्रसाद चौधरी, गोवारी चौधरी, धनसिं चौधरी सहभागी हुनुभयो।

**असार २२, २०५७** श्रम तथा यातायात व्यवस्था मन्त्रालयको आयोजनामा "वैदेशिक रोजगार प्रवर्द्धन" विषयमा काठमाडौंमा सम्पन्न गोष्ठीमा महासंघको तर्फबाट विदेश विभागका सदस्य जितेन्द्र जोन्छें सहभागी हुनुभयो।

**असार २७-२८, २०५७** श्रम तथा यातायात व्यवस्था मन्त्रालयको आयोजनामा "औद्योगिक सम्बन्ध" विषयमा काठमाडौंमा सम्पन्न गोष्ठीमा महासंघको तर्फबाट राष्ट्रिय कमिटीका सदस्य दिपक पौडेलका साथै दिल्ली राना र पुनम बस्नेत सहभागी हुनुभयो।

**असार २८, २०५७** इन्स्टिच्युट अफ इन्भामेन्टल मानेजमेन्ट (आइइएम) को आयोजनामा "रिलेनसिप बिटुइन ओएचएस एण्ड सीपी, एण्ड एलओडब्लु एण्ड नो कस्ट अप्सनस" विषयमा काठमाडौंमा सम्पन्न कार्यशाला गोष्ठीमा महासंघको तर्फबाट राष्ट्रिय कमिटीका सदस्य जनक चौधरीका साथै राजेन्द्र राज हमाल, मनोहरि सिवाकोटी र दिल्ली राना सहभागी हुनुभयो।

**श्रावण ३, २०५७** अखिल नेपाल महिला संघको आयोजनामा "तिलक र दाइजो" विषयमा काठमाडौंमा सम्पन्न

अन्तरक्रियामा महासंघको तर्फबाट केन्द्रीय महिला मजदुर विभागका संयोजक विना श्रेष्ठ सहभागी हुनुभयो।

**श्रावण** ४–५, २०५७ आइ.एल.ओ.को आयोजनामा "डेभलपमेन्ट अफ कमन अन्डरस्टान्डिङ, पोलिसीज एण्ड स्ट्राटजिज अन चाइल्ड लेबोर आमोङ मेजर ट्रेड यूनियन अर्गनाइजेसनस" विषयमा धुलिखेल, काभ्रेमा सम्पन्न कार्यशाला गोष्ठीमा महासंघको तर्फबाट अध्यक्ष मुकुन्द न्यौपानेका साथै महासचिव विष्णु रिमाल, कोषाध्यक्ष विनोद श्रेष्ठ, विदेश विभाग प्रमुख उमेश उपाध्याय, श्रम सम्बन्ध विभाग प्रमुख हरिदत्त जोशी, शिक्षा विभाग प्रमुख विन्दा पाण्डे, केममविका प्रमुख विना श्रेष्ठ तथा राष्ट्रिय कमिटी सदस्य वृद्धि आचार्य सहभागी हुनुभयो।

**श्रावण** १९, २०५७ अखिल नेपाल महिला संघको आयोजनामा "महिलामुक्ति आन्दोलनमा संचार माध्यमको भूमिका" विषयमा काठमाडौंमा सम्पन्न अन्तरक्रियामा महासंघको तर्फबाट केममविका पेम्बा लामा सहभागी हुनुभयो।

**भाद्र** ८–१४, २०५७ इन्स्टीच्युट अफ इन्भामेन्टल मानेजमेन्ट (इएसपीएस) को आयोजनामा काठमाडौंमा सम्पन्न "आई.एम.एस. ट्रेनिङ अफ ट्रेनर्स ट्रेनिङ" कार्यक्रममा महासंघको तर्फबाट राजेन्द्र राज हमाल सहभागी हुनुभयो।

**भाद्र** १५, २०५७ श्रम तथा यातायात व्यवस्था मन्त्रालयको आयोजनामा "आइ.एल.ओ. को प्रतिवेदन लेखन" विषयमा काठमाडौंमा सम्पन्न कार्यशाला गोष्ठीमा महासंघको तर्फबाट कानून अधिकृत रमेश बडाल सहभागी हुनुभयो।

**असोज** ६, २०५७ नेफासको आयोजनामा काठमाडौंमा सम्पन्न "द रोल अफ प्रिफेस सेक्टर इन रिजिनल कोअपरेसन इन साउथ एसिया" विषयमा काठमाडौंमा सम्पन्न राष्ट्रिय कार्यशाला गोष्ठीमा महासंघको तर्फबाट केशव दवाडी सहभागी हुनुभयो।

**असोज** ६–७, २०५७ सामाजिक न्याय समिति, राष्ट्रिय सभाको आयोजनामा "छुवाछुत प्रथाको अन्त्य र दलित समुदायको उत्थान" विषयमा काठमाडौंमा सम्पन्न गोष्ठीमा महासंघको तर्फबाट कार्यालय सचिव कविन्द्र शेखर रिमाल सहभागी हुनुभयो।

**कार्तिक** ३०, २०५७ श्रम तथा रोजगार प्रवर्द्धन विभागको आयोजनामा काठमाडौंमा सम्पन्न "प्रि-डेपार्चर, पोस्ट अराइभल, एण्ड रि-इन्टग्रेसन प्रोग्रामस फर माइग्रेन्ट वर्कर्स" विषयमा काठमाडौंमा सम्पन्न राष्ट्रिय कार्यशाला गोष्ठीमा महासंघको तर्फबाट विदेश विभागका माधव न्यौपाने सहभागी हुनुभयो।

**मंसीर** ६, २०५७ बाल मजदुर सरोकार केन्द्रको आयोजनामा "बाल अधिकार सम्बन्धी महासन्धि अनुमोदनको एक दशक : प्रतिबद्धताका कार्यान्वयन र उपलब्धिहरू" विषयमा काठमाडौंमा सम्पन्न समीक्षा कार्यशालामा महासंघको तर्फबाट कार्यालय सचिव कविन्द्र शेखर रिमाल सहभागी हुनुभयो।

**मंसीर** १३, २०५७ ब्रिटिस काउन्सीलको आयोजनामा काठमाडौंमा सम्पन्न ह्युमन राइट फिलिम फेस्टिभलमा महासंघको तर्फबाट कार्यालय सचिव कविन्द्र शेखर रिमाल र विदेश विभागका जितेन्द्र जोंछें सहभागी हुनुभयो।

**मंसीर** १५–१६, २०५७ आइ.एल.ओ.को आयोजनामा "ज्वाइन्ट कन्सल्टेटिभ मिटिङ अन चाइल्ड लेबोर आमोङ मेजर ट्रेड यूनियनस एण्ड टिचर्स" विषयमा धुलिखेल, काभ्रेमा सम्पन्न गोष्ठीमा महासंघको तर्फबाट कोषाध्यक्ष विनोद श्रेष्ठ, शिक्षा विभाग प्रमुख विन्दा पाण्डे, केममविका प्रमुख विना श्रेष्ठ तथा राष्ट्रिय कमिटी सदस्य वृद्धि आचार्य सहभागी हुनुभयो।

मंसीर १९, २०५७ सुरक्षा सप्ताहको उपलक्ष्यमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी आयोजनाको आयोजनामा "ओएसएच सिच्युएसन इन नेपाल लेजिस्लेसन ओएसएच प्रमोसन च्यालेन्जेज एण्ड बारिर" विषयमा काठमाडौंमा सम्पन्न गोष्ठीमा महासंघको तर्फबाट श्रम सम्बन्ध विभागका प्रमुख हरिदत्त जोशी लगायत राजेन्द्रराज हमाल, डिल्ली राना, मनोहरि शिवाकोटी र मैंया पोडे सहभागी हुनुभयो।

**मंसीर** २०–२२, २०५७ सुरक्षा सप्ताहको उपलक्ष्यमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी आयोजनाको आयोजनामा "व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य" विषयमा बेग्ला बेग्लै ठाउँमा सम्पन्न तालिममा महासंघको तर्फबाट बालाजु औद्योगिक क्षेत्रमा हर्ष महर्जन र भैरव पाठक, पाटन औद्योगिक क्षेत्रमा चन्द्र चेम्जोङ र बाबुराम महर्जन तथा भक्तपुर औद्योगिक क्षेत्रमा रामहरि श्रेष्ठ र किरण मित्र सहभागी हुनुभयो।

**मंसीर** ३०–**पुस** १, २०५७ महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह-नेपाल (एटविन) को आयोजनामा "नागरिकहरूको बेचबिखन र राज्यको भूमिका" विषयमा ललितपुरमा सम्पन्न गोष्ठीमा महासंघको तर्फबाट केन्द्रीय महिला मजदुर विभागका प्रमुख विना श्रेष्ठ सहभागी हुनुभयो।

**पुस** १०, २०५७ नेपाल रेगमार्क फाउन्डेसनको आयोजनामा "रोल अफ रगमार्क इन कन्ट्रोलिङ कार्पेट चाइल्ड लेबोर" विषयमा ललितपुरमा सम्पन्न अन्तरक्रिया कार्यक्रममा महासंघको तर्फबाट कोषाध्यक्ष विनोद श्रेष्ठ सहभागी हुनुभयो।

**पुस** ११–१२, २०५७ राष्ट्रिय श्रम प्रतिष्ठान (एन.एल.ए.) को आयोजनामा "वर्तमान श्रम कानूनको प्रयोगमा देखिएको व्यवहारिक कठिनाइ र त्यसको समाधानका उपायहरू" विषयमा काठमाडौंमा सम्पन्न परिसम्वाद कार्यक्रममा महासंघको तर्फबाट श्रम सम्बन्ध विभागका प्रमुख हरिदत्त जोशी लगायत विभागका अन्य सदस्यहरू तुलसी सिवाकोटी, र विष्णु लम्साल सहभागी हुनुभयो।




**सम्मानित
श्रमजीवी
वर्ग र
समृद्ध
जीवनका
लागि
समाजवाद**

समाजवाद एउटा उन्नत स्तरको
समाज व्यवस्था हो, जहाँ मान्छेमाथिको
शोषण पूर्ण रुपले अन्त्य हुन्छ ।
सम्पूर्ण उत्पादनको साधन जनताको
सम्पत्ति बन्दछ र उत्पादनका
स्तुहरुमाथि पनि जनताकै
स्वामित्व रहन्छ, राज्यमाथि होइन ।
यस्तो समाजमा मात्र
श्रमिक जनताको जीवन
समृद्ध हुन्छ ।




**नेपाली
श्रमिक
आन्दोलनमा
महिला
सहभागिता**

पितृसत्तात्मक समाजमा महिला र पुरुष
बीचको सम्बन्ध “दास र मालिक” को
जस्तो हुन्छ । महिला पुरुषको
अधिनस्थ भन्ने सोचाईले यस्तो
माजमा घर गरेको हुन्छ ।
पुरुष आफू सामन्तबाट जतिसुकै लुटिएको
भएपनि फेरि महिलामाथि हैकम चलाएर
मालिक्याइको प्रदर्शन गर्दछ ।
त्यसैको प्रतिविम्व पनि हो,
लेखिएको इतिहासमा पनि
महिलाहरुको योगदान
ओझेलमा परेको ।